मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ५७ ★ ने. सं. ११४६ चौला थ्व, तृतीया ★ शनिबार ★ ७ चैत, २०८२ ★ March 21, 2026, Saturday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

## ट्रम्प सङ्कटमा, चीन बलियो

पेइचिङ, ६ चैत (एएफपी) । मध्यपूर्व युद्धले अमेरिकी कूटनीतिक समीकरण हल्लाइरहेको बेला प्रस्तावित अमेरिका-चीन शिखर सम्मेलनमा शक्ति सन्तुलन पेइचिङतर्फ भुक्ने सङ्केत देखिएको छ । विश्लेषकहरूका अनुसार इरान-इजरायल द्वन्द्वमा फसेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कमजोर स्थितिमा पुगेका छन् । यसले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई वार्तामा थप लाभ लिन सक्ने अवस्था बनाएको छ ।

यसै महिनाको अन्त्यतिर पेइचिङ भ्रमण गर्ने तय भए पनि मध्यपूर्वको बिग्रँदो परिस्थितिका कारण ट्रम्पले आफ्नो यात्रा केही हप्ताका लागि स्थगित गरेका छन् । इजरायलसँग मिलेर इरानमाथि आक्रमण गर्ने निर्णयपछि क्षेत्रीय हिंसा चर्किएको, ऊर्जा मूल्य उच्च विन्दुमा पुगेको र इरानले स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा बन्द गरेपछि विश्वव्यापी आपूर्ति अवरोधको जोखिम बढेको पृष्ठभूमिमा उनको कूटनीतिक विकल्प सीमित बन्दै गएको विश्लेषण गरिएको छ ।

युद्धको अन्त्य कसरी गर्ने भन्ने स्पष्ट रणनीति तय गर्न कठिनाइ भइरहेको बेला परम्परागत सहयोगीहरूबाट पनि अपेक्षित समर्थन नपाउँदा ट्रम्प चीनसँग कूटनीतिक उपलब्धि खोज्न बाध्य हुनसक्ने आकलन गरिएको छ । अन्तर्राष्ट्रिय क्राइसिस ग्रुपका वरिष्ठ सल्लाहकार अली विनले अमेरिकी शक्ति प्रदर्शन उल्टै असर पार्दै 'अमेरिकी सर्वशक्तिको भ्रम कमजोर बनाएको' टिप्पणी गरे । उनका अनुसार होर्मुज जलडमरू पुन: खोल्न एक्लै असमर्थ अमेरिकालाई अहिले आफ्नै



प्रतिद्वन्द्वी चीनको सहयोग आवश्यक परेको छ ।

मङ्गलबार ट्रम्पले आफू 'पाँच वा छ हप्ताभित्र' चीन जाने अपेक्षा गरेको बताए । सम्भावित शिखर सम्मेलनको मुख्य उद्देश्य अघिल्लो अक्टोबरमा दक्षिण कोरियामा भएको भेटमा सहमति भएको भन्सार शुल्क युद्धविरामलाई औपचारिक रूप दिने मानिएको छ । तर, वर्तमान कमजोर अवस्थाले अमेरिकालाई गहिरो कर कटौती वा महत्त्वपूर्ण खनिज पहुँचजस्ता विषयमा कडा अडान लिन कठिन हुने देखिएको छ ।

गत सप्ताहन्त पेरिसमा भएका अमेरिकी-चिनियाँ व्यापार वार्तालाई 'रचनात्मक' भनिए पनि ठोस उपलब्धि नदेखिएको विश्लेषण गरिएको छ । युरेशिया समूहका डान वाङका अनुसार व्यापार, प्रविधि र अधिकारसम्बन्धी दीर्घकालीन विवादका कारण द्विपक्षीय विश्वास कमजोर बनेको छ, जसले ठुलो सहमतिको सम्भावना सीमित बनाएको छ । त्यसमाथि, चीनसहित ६० अर्थतन्त्रमा अतिरिक्त औद्योगिक क्षमतासम्बन्धी अमेरिकी अनुसन्धानले पेइचिङलाई असन्तुष्ट बनाएको छ ।

यसैबिच चीनले आफ्नो रणनीतिक लाभ जोगाइरहेको देखिन्छ । पेइचिङले होर्मुज जलडमरू पुन: सञ्चालनमा ल्याउन अमेरिकाको आग्रहलाई हालसम्म बेवास्ता गरेको छ भने दुर्लभ पृथ्वी खनिज निर्यातमा कडाइ पनि यथावत् राखेको छ । यी खनिजहरू अमेरिकी रक्षा उद्योगका लागि अत्यावश्यक मानिन्छन् । सिङ्गापुरको नेसनल युनिभर्सिटीका जेसन बेडफोर्डका अनुसार केही 'भारी' दुर्लभ पृथ्वी तत्त्वहरू ड्रोन, जेट, मिसाइल प्रणाली र राडारमा प्रयोग हुने भएकाले तिनको आपूर्ति नियन्त्रणले अमेरिकी सैन्य उत्पादनमै असर पार्न सक्छ ।

अमेरिकाको आन्तरिक राजनीतिमा पनि यस सङ्कटको प्रभाव देखिन सक्ने सङ्केत गरिएको छ । चीनले कृषि उत्पादन खरिदजस्ता विषयलाई वार्तामा दबाबको रूपमा प्रयोग गर्न सक्ने बताउँदै विश्लेषकहरूले रिपब्लिकन दलका लागि महत्त्वपूर्ण मध्यावधि निर्वाचनमा यसको असर पर्न सक्ने बताएका छन् । फुदान विश्वविद्यालयका वु सिन्बोले चीनसँग सम्बन्ध स्थिर राख्न नसक्दा अमेरिकाले थप चुनौती सामना गर्नुपर्ने चेतावनी दिए ।

यद्यपि, सम्भावित शिखर सम्मेलनले दुवै देशका दीर्घकालीन भू-रणनीतिक लक्ष्यमा ठुलो परिवर्तन ल्याउने सम्भावना कम देखिएको छ । ट्रम्प प्रशासनले बढ्दो ऊर्जा मूल्य नियन्त्रण गर्न इरानी तेलमाथिका केही प्रतिबन्ध खुकुलो पार्ने विचार गरिरहेको बताइएको छ, जसले चीनलाई लाभ पुग्न सक्ने विश्लेषण गरिएको छ । चीनलाई

*बाँकी पृष्ठ ८ मा*

## नेपालीको सांस्कृतिक छवि जोगाऔँ !

देश विदेशको इतिहासले संसारमा देखिने शत्रुभन्दा नदेखिने शत्रु र आफूभित्रको शत्रु बढी संहारक भएको बताउँछ । यो कुरो हिजोमात्रै होइन आज पनि सत्य हो । कुनै देशमाथि शत्रु देशले त्यसबेलासम्म विजय पाउँदैन जबसम्म आफ्नै देशका गुप्त शत्रुहरूले देखिएको शत्रु देशलाई सहयोग गर्दैनन् ।

नेपाली काङ्ग्रेस, एमाले र अन्य शासक दलहरूले पनि कामदारवर्गको राजनैतिक दलका गुप्त शत्रुहरूलाई भित्रभित्रै हातमा लिई पार्टी फुटाउने काम गरेका थिए । फुट्ने र फुटाउने खेल नेपालमा प्रजातन्त्र पुन: स्थापनापछि बढी देखियो । यसरी विदेशीहरूले शासक दलहरूमाथि आफ्नो प्रभाव पार्न थाले । देखिने शत्रु देशहरूलाई आफ्नै देशका शत्रुहरूले अनेक सूचना दिएर देशलाई कमजोर पार्न थाले ।

निर्वाचनमा पैसा खर्च गरेर, भूटो आश्वासन दिएर अथवा निर्वाचन नियमावली र निर्वाचन आचारसंहिता कुल्चेर शासक दलहरू संसद्मा बढी स्थान लिन्छन् । निर्वाचनपछि सबै शासक दलहरू एकले अर्को दलको विरोधमा छलछाम र विश्वासघातका जालहरू थाप्छन् । यसरी नेपालका सबैजसो सरकारमा गएका दलहरू एकापसमा घाँटी रेट्ने खेलका सिकार भइसकेका छन् ।

तर, यो खेल हाम्रो देशमा मात्र होइन छिमेकी देश भारतमा पनि भइरहेको छ । जनसङ्घ र राष्ट्रिय स्वयम्सेवक दल (अर्ध-सैनिक दस्ता) सानोबाट ठुलो हुँदै गए । त्यसको प्रभाव छिमेकी देशहरूमा फैलाइँदै छ । पश्चिमी साम्राज्यवादीहरूले जसरी धर्म र व्यापारमार्फत आक्रमण गर्दै, उपनिवेश बनाउँदै गए त्यसरी नै भारतले पनि आफ्नो प्रभाव विस्तार गर्दै छ । यसरी, तत्तत् देशकै शासक दलका माथिल्ला र असन्तुष्ट तत्त्वहरूको सहयोगमा उपनिवेशवादीहरू आफ्नो प्रभाव बढाउने गर्थे र गर्दै छन् ।

अङ्ग्रेजहरूले भारतीय राजा महाराजाहरूलाई एक एक गरेर हराए; ती राज्यहरूमाथि कब्जा गरे वा तिनीहरूलाई पक्षमा लिए । पछि भारतीय स्वतन्त्रता आन्दोलन दबाउन विभिन्न जात-जाति, भाषा-भाषी र धार्मिक सम्प्रदाय एवम् क्षेत्रीय भेदभाव फैलाएर २ सय वर्ष शासन गरे ।

भारत आज पनि छिमेकी देशका राजनैतिक दल, बुद्धिजीवी, जात-जाति, भाषा-भाषी, धर्म र क्षेत्रका मानिसलाई फुटाउँदै ती देशहरूमा आफ्नो प्रभाव विस्तार गर्दै छ । भारतीय विस्तारवादीले छिमेकी देशहरूलाई पनि एक आपसमा लडाउने र भिडाउने काम गरिरहेको छ । चाणक्यको बेलादेखि नै घातप्रतिघात, हत्या र हिंसा तथा एकले अर्को देश हत्याउने व्यापार चलेकै छ ।

२ सय वर्षदेखि विदेशी सेनामा गोर्खाली सिपाही पठाउने, दरवान, कुल्ली एवम् पिउन पठाउने, लाखौँ युवा ज्यामी पठाउने तथा विदेशी निजी सेनामा पठाई 'भाडाका सेना' बढाउने नेपालको 'संस्कृति' कै कारण आफ्नै 'राष्ट्रिय छवि' पखाल्नुपर्ने आवश्यकता अनुभव गर्दै छन् जनता ।

## हिमपात र वर्षाको कारण दैनिकीमा प्रतिकूल असर



मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ स्थित मुक्तिनाथ क्षेत्रमा शुक्रबार भएको हिमपात । मुक्तिक्षेत्रमा दिउँसो चार बजेदेखि हिमपात भएको हो ।

*तस्बिर : सुन्दरकुमार थकाली/रासस*

मुस्ताङ, ६, चैत । वारागुङ मुक्तिक्षेत्रमा छैटौँ पटक भारी हिमपात भएको छ । आज अपराह्न ४:०० बजेदेखि मुक्तिनाथ क्षेत्रमा भारी हिमपात भएको हो । मुस्ताङमा कार्तिक १० गतेयता हालसम्म छैटौँपटक हिमपात भएको छ ।

हिमपातसँगै मुक्तिनाथ मन्दिर क्षेत्र आसपासका डाँडाकाँडा हिउँले सेताम्मे भइसकेको छ । मुक्तिनाथ क्षेत्रको मुक्तिनाथ, रानीपौवा, भारकोट, खिङ्गा, छेङ्गुर, पुडाक र भोङलगायतका स्थानमा बाक्लो हिमपात भइरहेको छ ।

त्यसैगरी, माथिल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा पनि दिउँसोदेखि हिमपात भइरहेको छ । हिमपातसँगै माथिल्लो मुस्ताङमा चिसो बढेका कारण स्थानीयको दैनिकीमा प्रतिकूल असर पुर्‍याएको छ ।

त्यस्तै, मुस्ताङका तल्लो क्षेत्र थासाङ गाउँपालिका र घरपभोङ गाउँपालिका क्षेत्रका उच्च लेकमा आंशिक हिमपात भइरहेको र बस्ती क्षेत्रमा दिउँसोदेखि निरन्तर वर्षा भइरहेको जनाइएको छ ।

### वर्षाले काठमाडौँमा ट्राफिक जाम बढ्यो

काठमाडौँमा हुरीबताससहितको वर्षा जारी रहँदा सहरका विभिन्न सडकखण्डमा ट्राफिक जाम बढेको छ ।

वर्षाका कारण सवारी आवागमन प्रभावित हुँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको हो । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार कोटेश्वर क्षेत्रलगायत विभिन्न स्थानको निरीक्षण गर्दा वर्षाका कारण सवारी जाम बढेको छ ।

सबै स्थानमा ट्राफिक प्रहरी परिचालन गरिएको छ, तर वर्षाका कारण सवारीसाधनको चाप बढेको छ । हुरीबतासका कारण सडक किनारमा रहेका रुख ढल्ने, बिजुली तथा टेलिफोनका तार चुँडिने, पोल लड्ने तथा घरका छाना उड्ने जोखिम पनि रहेको अवस्थामा सकेसम्म अनावश्यक यात्रा नगर्न र यात्रा गरिहाल्नुपरेमा सावधानी अपनाउन ट्राफिक प्रहरीको अनुरोध छ ।

### सतर्क रहन मौसमविद्को आग्रह

काठमाडौँमा केही समयदेखि हुरीबतासहितको वर्षा जारी रहेको छ । जल तथा मौसम विज्ञान विभागले काठमाडौँ उपत्यकासहित देशका विभिन्न स्थानमा अहिले हुरीबतास चलिरहेको छ ।

हुरीबतासहितको वर्षाका कारण सडक किनाराका रुख ढल्ने, बिजुली तथा टेलिफोनका पोल लड्ने, तार चुँडिने तथा जस्तापाताले बनेका छाना उड्ने जोखिम रहेको विभागले जनाएको छ ।

यस्तो अवस्थामा जोखिमयुक्त यात्रा नगर्न र हुरीबतास नरोकिँदासम्म सुरक्षित स्थानमा बस्न सर्वसाधारणलाई विभागले आग्रह गरेको छ । विद्यालय बस छुट्ने

*बाँकी पृष्ठ ८ मा*

### व्यङ्ग्यचित्र कुनो




टन्सिलका लक्षण:

- ❖ घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- ❖ घाँटीभित्र कहिलेकाहीँ सेतो दाग वा पिप देखिने,
- ❖ बोल्दा आवाज बदलिने वा करकराउने,
- ❖ खाना निल्न गाह्रो हुने,
- ❖ शरीर दुख्ने र थकान महसुस हुने,
- ❖ श्वास फेर्दा दुर्गन्ध आउने,
- ❖ कहिलेकाहिँ वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन्,

यस्ता लक्षण देखिएमा चिकित्ससंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




**तस्बिर कैद गर्दै विदेशी पर्यटक**

भक्तपुर दरबार स्क्वायरमा शुक्रबार नेपाल घुम्न आएका विदेशी पर्यटक आफ्नो मोबाइलमा तस्बिर कैद गर्दै । भक्तपुर दरबारमा घुम्न तथा अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटक आउने गर्छन् । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# राष्ट्रिय किताबखानाद्वारा एकीकृत 'डिजिटल' निवृत्तभरण सेवा आरम्भ

पाटन (ललितपुर), ६ चैत । राष्ट्रिय किताबखानाले एकीकृत 'डिजिटल' निवृत्तभरण (पेन्सन) सेवा सुरु गरेको छ । राष्ट्रिय किताबखानाले शुक्रबार औपचारिक कार्यक्रम आयोजना गरी निवृत्तभरणका सबै काम डिजिटल प्रणालीबाट हुने गरी सेवाको शुभारम्भ गरेको हो ।

राष्ट्रिय किताबखानाका महानिर्देशक श्रवणकुमार पोखरेलका अनुसार अबदेखि राजीनामा वा अनिवार्य अवकाशमा जाने कर्मचारीले आफूले पाउने निवृत्तभरण, उपदानलगायतका सेवाका लागि राष्ट्रिय किताबखाना धाइरहनु पर्दैन ।

"राष्ट्रिय किताबखानाले आफ्नो मुख्य सेवालाई डिजिटल रुपान्तरणको माध्यमबाट विद्युतीय तहमा स्तरोन्नति गरेको छ, हाम्रो सबै सेवा सेवाग्राहीको भौतिक उपस्थितिविना नै हुन्छ," महानिर्देशक पोखरेलले भन्नुभयो । उहाँका अनुसार प्रारम्भमा ७७ वटै जिल्लामा एकीकृत डिजिटल निवृत्तभरण सेवाका लागि सहजकर्ता निकायको भूमिका कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ । यसका लागि राष्ट्रिय किताबखानाले सञ्चालन गरिरहेको एकीकृत डिजिटल निवृत्तभरण प्रणालीको पहुँच जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयलाई प्रदान गरिएको उहाँले जानकारी दिनुभयो । सेवाको गुणस्तरीयता र दिगोपना सुनिश्चित भएपछि कर्मचारी निवृत्त हुने सम्बन्धित सबै कार्यालयलाई उपलब्ध गराइने महानिर्देशक पोखरेलले जानकारी दिनुभयो ।

"राष्ट्रिय किताबखानाले प्रयोगमा ल्याएको यस प्रणालीमार्फत सम्बन्धित जिल्लाबाट आवेदन दिन सकिने व्यवस्था छ, आवेदन दिने कर्मचारीको सम्बन्धित विवरण राष्ट्रिय किताबखानाको प्रणालीमा सिधै देखिने व्यवस्था मिलाइएको छ । किताबखानाले 'अनलाइन' प्रणालीमार्फत प्राप्त विवरण आफ्नो विवरणसँग प्रमाणीकरण गरी माग गरिएको सेवा स्वीकृत गर्दछ । स्वीकृत भएका सेवा अनलाइन प्रमाणीकरणमार्फत सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र निवृत्तभरण व्यवस्थापन कार्यालयमा अनलाइन प्रणालीबाटै गएपछि सरोकारवाला कर्मचारीले जिल्लाबाटै सेवा पाउने अवस्था सुनिश्चित हुन्छ," उहाँले भन्नुभयो ।

कुनै कार्यालय प्रमुखले आफ्नो कार्यालयबाट अवकाश वा राजीनामा स्वीकृत गराई निवृत्त हुन लागेका कर्मचारीलाई कार्यालयबाटै डिजिटल माध्यमबाट निवृत्तभरण सेवा दिने सकारात्मक सोच राखी विभागलाई अनुरोध गरेमा मागमा आधारित रहेर प्रणालीको पहुँच उपलब्ध गराउन सकिने सुविधा रहेको उहाँले जानकारी दिनुभयो ।

राष्ट्रिय किताबखानाले शुक्रबारदेखि सुरु गरेको यस प्रणालीमा निवृत्तभरण अधिकारपत्र, उपदान रकम निर्धारणको किटानीपत्र, सञ्चित घर बिदा तथा बिरामी बिदाबापत पाउने सुविधाको किटानीपत्र, औषधि उपचार सुविधाको किटानीपत्र, रोजेको बैङ्कमा सोझै निवृत्तभरण खाता खुल्ने सुविधा समावेश गरिएको जानकारी दिइएको छ । राष्ट्रिय किताबखानाले निकट भविष्यमा नै निवृत्तभरण अधिकारपत्र र निवृत्त कर्मचारी परिचयपत्रलाई नागरिक 'एप'मार्फत देख्न र 'प्रिन्ट' सकिने सुविधा विस्तार गर्ने महानिर्देशक पोखरेलले जानकारी दिनुभयो ।

# भीम आदर्शको ६३ औँ वार्षिकोत्सव सम्पन्न

भक्तपुर, ६ चैत । भीम आदर्श आधारभूत विद्यालयले शुक्रबार ६३ औँ वार्षिकोत्सव समारोह सम्पन्न गरेको छ ।




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरलाई शैक्षिक केन्द्रको रूपमा अगाडि बढाउन विद्यार्थीहरूको क्षमता अभिवृद्धिको लागि अग्रजहरूले नि:स्वार्थ सेवाको लागि सामुदायिक विद्यालय स्थापना गरेको बताउँदै ती सामुदायिक विद्यालयको उत्थानका लागि भक्तपुर नगरपालिकाले आवश्यक सहयोग गर्ने विश्वास दिलाउनुभयो ।

उहाँले एक्काइसौँ शताब्दीअनुसार विद्यार्थीहरूलाई परम्परागत शैली परिवर्तनसहित नाचगान, खेलकुद गतिविधिको सिकाइको लागि शिक्षक अग्रसर हुनुपर्ने बताउँदै भक्तपुरको एक विद्यालय एक सम्पदा सरसफाइ र संरक्षणको अभियानले विद्यार्थीलाई सामाजिक उत्तरदायित्व बहन गर्न सिकाउने बताउनुभयो ।

उहाँले मोबाइल अत्यधिक प्रयोगबाट आमाबाबुप्रति मायाप्रेम सद्भाव बालबालिकामा हराउँदै गएकाले सचेत हुनुपर्ने बताउँदै सिकाइलाई परीक्षामुखी भन्दा व्यवहारिक बनाउन जोड दिनुभयो ।

विद्यालय व्यवस्थापन समिति सदस्य तथा भक्तपुर नगरपालिका वडा नं ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजूले अहिलेको समयमा सिकाइ सहज भए तापनि दैनिक रूपमा निस्कने फोहोरको व्यवहारिक व्यवस्थापन गर्न सिकाउन जरुरी रहेको बताउँदै विद्यार्थीको सिकाइलाई व्यवहारिकतामा रुपान्तरण गर्न जोड दिनुभयो ।

आधारभूत विद्यालय समिति भक्तपुरका उपाध्यक्ष तथा ब्रह्मायणी आविका प्रअ तीर्थलक्ष्मी धन्छ्याले समाज राष्ट्रको प्रगतिको लागि शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्बन्धित निकायले आ-आफ्नो जिम्मेवारी र कर्तव्य गर्नुपर्ने बताउँदै सामुदायिक विद्यालयको विकासका लागि जागिरे मानसिक त्यागी अतिरिक्त समयसँगै लगनशील र मिहिनेती शिक्षक बन्नुपर्ने बताउनुभयो ।

विद्यालयका पूर्व प्रअ नहकुल प्रजापतिले विद्यालयको स्थानान्तरण तथा ऐतिहासिक सहयोगको बारे बताउनुभयो ।

पूर्व प्रअ तथा दोलागिरी माविका प्रअ शिवबहादुर खुलीमुलीले विद्यार्थीको राम्रो सिकाइलाई व्यवहारिक बनाउने वातावरण अभिभावक र शिक्षक दुवैले आ-आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

पूर्वप्रअ तथा सन्तति आविका प्रअ दीपक माकले विद्यालयको सीमित स्रोतसाधनबाट विद्यार्थीको चौतर्फी विकास र उपलब्धिलाई संस्थागत गर्न सामुदायिक विद्यालयहरू लागिपरेको बताउनुभयो ।

कार्यक्रमका सभापति तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जितेन्द्र खायमलीले भविष्यका कर्णधार निर्माणको क्रममा भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने अभियानमा विद्यार्थीलाई व्यवहारिक शिक्षा दिन विद्यालय परिवार अग्रसर रहेको बताउनुभयो ।

विद्यालयका प्रअ पूजा दाहालले ज्ञानविज्ञानसँगै व्यक्तिलाई आत्मसम्मान, स्वाभिमानी तथा नैतिकवान बन्न शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै विद्यालयको प्रगति विवरण प्रस्तुत गर्नुभयो ।

विद्यालयको वार्षिक परीक्षामा उत्कृष्ट विद्यार्थी, विभिन्न अतिरिक्त क्रियाकलापमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई पुरस्कार, मेडल तथा प्रमाणपत्रले सम्मान गरिएको उक्त कार्यक्रममा विद्यार्थीद्वय दीपशिखा तामाङ र दिपान्सु गुप्ता तथा अभिभावक सीता लामाले पनि बोल्नुभएको थियो ।

कार्यक्रमको बिचबिचमा विद्यार्थीहरूले आफ्नो सांस्कृतिक प्रस्तुति दिएका थिए ।

# लक्ष्यको ३६ दशमलव २९ प्रतिशत राजस्व सङ्कलन

बाग्मती, ६ चैत । वाग्मती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो आठ महिनामा वार्षिक लक्ष्यको ३६ दशमलव २९ प्रतिशत अर्थात् रु. २४ अर्ब ४९ करोड दुई लाख ८७ हजार राजस्व सङ्कलन गरेको छ ।

घरजग्गा रजिष्ट्रेसन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व सङ्कलनको मुख्य आयस्रोत मानिन्छ । आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुनसम्ममा रु. ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार राजस्व सङ्कलन गर्ने तोकिएको लक्ष्यको तुलनामा ४५ दशमलव १३ प्रतिशत अर्थात् रु. १३ अर्ब ९३ करोड ९७ लाख १५ हजार राजस्व सङ्कलन भएको वाग्मती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत सुरज पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार आव २०८२/८३ मा घरजग्गा रजिष्ट्रेसन शीर्षकबाट रु. सात अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा चालु आर्थिक वर्षको पहिलो आठ महिनाको अवधिमा रु. दुई अर्ब ५६ करोड दुई लाख चार हजार राजस्व सङ्कलन भएको छ ।

यसैगरी, प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२/८३ मा रु. आठ अर्ब २५ करोड लक्ष्य तोकिएकोमा रु. चार अर्ब ४४ करोड ९३ लाख ४० हजार राजस्व मात्र सङ्कलन गरेको छ ।

प्रदेश सरकारले बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत रु. आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकोमा सो अवधिसम्ममा रु. पाँच अर्ब चार करोड ६५ लाख १७ हजार सङ्कलन भएको छ भने अन्त:शुल्क करबापत रु. चार अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकोमा रु. एक अर्ब ७५ करोड तीन लाख ३६ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी, सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत रु. १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकामा आठ महिनाको अवधिमा त्यसको ५३ दशमलव ६० प्रतिशत अर्थात् रु. सात अर्ब ९४ करोड २७ लाख ५६ हजार प्राप्त भएको अधिकृत पौडेलले बताउनुभयो ।

यस्तै, चालु आव २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्वबाट रु. चार अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकोमा आठ महिनाको अवधिमा लक्ष्यको ५२ दशमलव ३५ प्रतिशत अर्थात् रु. दुई अर्ब ५० करोड १२ लाख १८ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद-बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेजनी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व सङ्कलन गर्ने विभिन्न निकायमा पुगेको क्षति लगायतका कारणले अपेक्षाकृत राजस्व सङ्कलन हुन नसकेको उहाँको भनाइ छ ।

# भुलाँचा, गपली र सल्लाघारीमा ग्यास पसल अनुगमन

भक्तपुर, ६ चैत । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा भुलाँचा, गपली र सल्लाघारीमा रहेका ग्यास पसलहरू १९ वटामा शुक्रबार अनुगमन भयो ।

अनुगमनमा तलेजु ट्रेडर्समा हिमाल, गीता र श्रीमाया ग्यास बिक्री डिपोमा सम्बन्धित प्रोपाइटर नभएकोले दर्ता प्रमाणपत्र कागजातसहित नगरपालिका कार्यालयमा उपस्थित हुने निर्देशन दिइयो ।

त्यस्तै, विष्णु चवालको ग्यास पसलमा सागर ग्यासको बिक्री डिपोमा सम्बन्धित प्रोपाइटर नभएकोले दर्ता प्रमाणपत्र कागजातसहित नगरपालिका कार्यालयमा उपस्थित हुने निर्देशन दिइयो ।

बस्नेट ट्रेडर्स डिपोबाट समयमा ग्यास प्राप्त नभएको गुनासो छ भने एस.पी. खाद्य स्टोरमा श्रीमाया र गीता ग्यास बिक्री गरेकोले ग्यासको छुट्टै दर्ता गर्न र खाद्य पसल नवीकरण गर्न निर्देशन दिइयो । त्यस्तै, पि.के.खाद्य स्टोरमा हिमाल ग्यास बिक्री पसल बन्द भएकोले दर्ता प्रमाणपत्र कागजातसहित नगरपालिका कार्यालयमा उपस्थित हुने निर्देशन दिइयो ।

त्यस्तै, प्रणय स्टोरमा ग्यासको छुट्टै दर्ता गर्न निर्देशन दिइयो । काभ्रे किराना पसलमा हिमाल र श्रीमाया ग्यास बिक्री गरेकोले ग्यासको छुट्टै दर्ता गर्न र पसल नवीकरण गर्न निर्देशन दिएको वडानिरिक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो ।

अनुगमन समितिका सदस्य ज्ञानबहादुर मानन्धर, सूर्यप्रसाद श्रेष्ठ, जिल्ला प्रशासन कार्यालय भक्तपुरका नवराज पोखरेल, भनपा स्यानिटेसन उपशाखा प्रमुख दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जु, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक कमलकुमार श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्जका लक्ष्मी थापा, भक्तपुर उद्योग वाणिज्य सङ्घका राजु त्वानाबासु, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, वाणिज्य तथा उद्योग कार्यालयका लक्ष्मीप्रसाद कासुलाको सहभागिता थियो ।

सङ्क्षिप्त समाचार

## यातायात व्यवस्था कार्यालयद्वारा ४८ करोड राजस्व सङ्कलन

कैलाली, ६ चैत । यातायात व्यवस्था कार्यालय, धनगढीले चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्ममा रु. ४८ करोड १९ लाख ५१ हजार राजस्व सङ्कलन गरेको छ । विभिन्न शीर्षकबाट सो राजस्व सङ्कलन गरेको यातायात व्यवस्था कार्यालयका प्रमुख भुवन जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा बढी सवारीसाधनका करबाट रु. ३७ करोड ८३ लाख र सबैभन्दा कम व्यावसायिक रजिष्ट्रेसन दस्तुरबाट रु. १२ लाख राजस्व सङ्कलन भएको छ ।

त्यस्तै चालक अनुमतिपत्र, सवारी दर्ता किताबसम्बन्धी दस्तुर, लाइसेन्स नवीकरण, जरिवाना, जाँचपास र लाइसेन्स प्रमाणीकरणबाट रु. नौ करोड ३५ लाख ८२ हजार तथा यातायात क्षेत्रको आम्दानी (लगतकट्टा, प्रदूषण, रुट ईजाजत) बाट रु. ८८ लाख २६ हजार राजस्व सङ्कलन भएको छ ।

यातायात व्यवस्था कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा राजस्वका विभिन्न शीर्षकबाट रु. ७५ करोड ५६ लाख २७ हजार राजस्व सङ्कलन गरेको थियो । कार्यालयको बेरुजु रकम भने शून्य रहेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । *(रासस)*

## कर्णालीबाट ३८ हजार विद्यार्थी एसईईमा सहभागी हुँदै

कर्णाली, ६ चैत । यही चैत १९ गतेदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा २०८२ मा कर्णाली प्रदेशबाट ३८ हजार विद्यार्थी सहभागी हुने भएका छन् ।

कर्णाली प्रदेशका १० जिल्लाका १६१ परीक्षा केन्द्रबाट नियमिततर्फ ३२ हजार २५५ र ग्रेड वृद्धितर्फ छ हजार १२४ गरी जम्मा ३८ हजार ३७९ विद्यार्थी सहभागी उक्त परीक्षामा सहभागी हुन थालेको शिक्षा विकास निर्देशनालय सुर्खेतका सूचना अधिकारी एवं परीक्षा शाखा प्रमुख खिमप्रसाद ढकालले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "परीक्षामा सबैभन्दा बढी विद्यार्थी सुर्खेतका नौ हजार ७७९ संलग्न हुनेछन् । सबैभन्दा कम डोल्पाबाट ६७४ विद्यार्थी रहेका छन्, जहाँ परीक्षा केन्द्रमात्र चार छन् ।" त्यस्तै दैलेखबाट छ हजार २५३, जाजरकोटबाट चार हजार ८१३, सल्यानबाट चार हजार १४२, रुकुमपश्चिमबाट तीन हजार ९२२ र कालीकोटबाट तीन हजार ७१७ विद्यार्थी परीक्षामा सहभागी हुने परीक्षा प्रमुख ढकालले बताउनुभयो ।

उहाँका अनुसार जुम्लाबाट दुई हजार २५५, मुगुबाट एक हजार ५२४ र हुम्लाबाट एक हजार ३०० विद्यार्थी परीक्षामा भाग लिनेछन् । सुर्खेतमा ३४, दैलेखमा २२, कालीकोटमा २०, सल्यानमा १९, जाजरकोटमा र रुकुमपश्चिममा १६-१६, जुम्लामा १४, मुगुमा नौ, हुम्लामा सात र डोल्पामा चार परीक्षा केन्द्र रहेको शिक्षा विकास निर्देशनालय सुर्खेतले जनाएको छ ।

## दुई फर्मलाई विभागको जरिवाना

काठमाडौँ, ६ चैत । कानुनविपरीत व्यापार व्यवसाय गरेको अभियोगमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता विभागले दुईवटा फर्मलाई जरिवाना गरेको छ । स्थलगत अनुगमनका क्रममा कैफियत देखिएपछि विभागले काठमाडौँ महानगरपालिका सिनामङ्गलमा रहेको जमकट्टेल फर्मालाई रु. दुई लाख पाँच हजार जरिवाना गरेको छ ।

त्यसैगरी, भक्तपुरको सल्लाघारीमा अवस्थित ख्वप हार्डवेयरलाई रु. २० हजार जरिवाना गरेको छ । ती दुवै फर्मलाई उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिमको कसुरमा कारबाही गरिएको हो ।

यस्तै, विभागले थप ११ फर्मलाई भने सुधारात्मक निर्देशन दिएको छ । विभागले स्थानीय प्रशासन, उपभोक्ता अधिकारकर्मी तथा सरोकारवालाको उपस्थितिमा नियमित रूपमा बजार अनुगमन गर्दै आएको छ । *(रासस)*

## कालीकोटमा पहिलोपटक 'सिजेरियन' सेवा सफल

मान्म (कालीकोट), ६ चैत । जिल्ला अस्पतालमा पहिलोपटक 'सिजेरियन सेक्सन' (सीएस) प्रविधिबाट एक गर्भवतीको सफल प्रसूति गरिएको छ । जिल्लाको खाँडाचक्र नगरपालिकाकी २३ वर्षीया गर्भवतीको चैत ५ गते शल्यक्रियामार्फत सुरक्षित प्रसूति गराइएको हो ।

प्रसूतिपश्चात् आमा र नवजात शिशु दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ । जिल्ला अस्पतालमा सीमित स्रोतसाधनका बिच यस्तो जटिल शल्यक्रिया सम्पन्न गर्नु ठूलो उपलब्धि भएको चिकित्सकहरू बताउँछन् ।

दुर्गम क्षेत्रमा सिजेरियन सेवा सञ्चालन गर्नु चुनौती पूर्ण भए पनि चिकित्सक टोलीको अथक प्रयासले सफलतापूर्वक प्रसूति गराउन सम्भव भएको जिल्ला अस्पताल कालीकोटका प्रमुख डा. रत्नवीर सुनारले बताउनुभयो ।

उक्त शल्यक्रियामा डा. सुनार, डा. दर्शन पाण्डे, एनेस्थेसिया असिस्टेन्ट वीरबल चौधरी तथा नर्सिङ टोलीका बबिता ठाकुर, कविता शाही र सहयोगी चन्दा शाहीको सहभागिता रहेको थियो ।

कर्णाली क्षेत्रको दुर्गम भेगमा स्वास्थ्य सेवा विस्तारका लागि यो उपलब्धिलाई महत्त्वपूर्ण कदमका रूपमा लिएको अस्पतालले जनाएको छ । स्थानीयस्तरमै जटिल प्रसूति सेवा उपलब्ध हुन थालेपछि गर्भवतीलाई बाहिर जानुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको अस्पतालले जनाएको छ ।



**प्रयोगविहीन राजविराज बसपार्क**
सप्तरीको सदरमुकाम राजविराजस्थित राजदेवी चोकमा १६ करोडभन्दा बढी लागतमा निर्माण सम्पन्न भई उद्घाटनसमेत गरी सञ्चालनमा आउन नसकेको बसपार्क । वि.सं. २०४४ सालदेखि विभिन्न चरणमा शिलान्यास हुँदै स्थानीय विवाद र निर्माण ढिलाइका कारण ३८ वर्षपछि तयार भएको उक्त बसपार्क प्रयोगविहीन बनेको छ । *तस्बिर: अमरेन्द्रकुमार यादव/रासस*

# आगामी आवका लागि आन्तरिक ऋणको सीमा निर्धारण

काठमाडौँ, ६ चैत । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरेको छ । समष्टिगत आर्थिक अवस्था, राजस्वको प्रवृत्ति, खर्चको दबाब र वित्तीय बजारको अवस्थालाई आधार मानेर आयोगले ऋण परिचालनमा अनुशासन कायम गर्न जोड दिँदै तीनै तहका सरकारलाई औपचारिक सिफारिस गरिएको जनाएको छ ।

आयोगले गत फागुन २७ गते सरकारलाई गरेको सिफारिसअनुसार सङ्घीय सरकारले आगामी आवमा कुल गार्हस्थ उत्पादनको अधिकतम पाँच दशमलव पाँच प्रतिशतसम्म मात्रै आन्तरिक ऋण परिचालन गर्न पाउनेछ । समष्टिगत स्थायित्व कायम राख्न तथा ऋणको दिगोपन सुनिश्चित गर्न यो सीमा तोकिएको जनाइएको छ ।

प्रदेश सरकारका हकमा भने आन्तरिक ऋण उठाउने अधिकारलाई निश्चित सर्तसँग बाँधिएको छ । आयोगले प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँट र आफ्नै आन्तरिक स्रोतबाट सङ्कलित राजस्वको कुल योगफलको अधिकतम १२ प्रतिशतसम्म मात्र आन्तरिक ऋण लिन सक्ने व्यवस्था गर्न सिफारिस गरेको छ । यसका लागि आवश्यक कानुनी, संरचनागत तथा प्रक्रियागत पूर्वाधार पूरा भएको हुनुपर्ने र नेपाल सरकारको पूर्वस्वीकृति अनिवार्य हुने व्यवस्था गरिएको छ ।

स्थानीय तहका लागि पनि समान प्रकृतिको सीमा निर्धारण गरिएको छ । आयोगका अनुसार स्थानीय सरकारले सङ्घ र प्रदेशबाट प्राप्त राजस्व बाँडफाँट तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानीको कुल योगफलको अधिकतम १२ प्रतिशतसम्म आन्तरिक ऋण उठाउन सक्नेछन् । यसमा पनि नेपाल सरकारको स्वीकृति अनिवार्य हुनेछ । यद्यपि, स्थानीय तहमा पूर्वाधार निर्माणका लागि नेपाल सरकारले स्थापना गरेको विशेषीकृत संस्थामार्फत प्रवाह हुने ऋणमा भने यो सीमा लागू नहुने स्पष्ट गरिएको छ ।

आयोगले आन्तरिक ऋणको प्रभावकारी र दिगो उपयोगका लागि विस्तृत सुझावसमेत दिएको छ । ऋण लिँदा आयोजनाको लागत-लाभ विश्लेषण, खुद वर्तमान मूल्य तथा आन्तरिक प्रतिफल दरको मूल्याङ्कन अनिवार्य गर्नुपर्ने उल्लेख गरिएको छ । विशेषगरी वित्तीय आन्तरिक प्रतिफल दर पुँजी लागतभन्दा बढी भएका व्यावसायिक परियोजना र आर्थिक प्रतिफल दर उच्च भएका सामाजिक क्षेत्रका परियोजनामा मात्र ऋण लगानी गर्नुपर्नेमा जोड दिइएको छ ।

यस्तै, ऋण लगानीबाट सञ्चालित आयोजना वा कार्यक्रमबाट प्राप्त हुने प्रतिफलले साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चितता हुनुपर्ने आयोगको सुझाव छ । उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पुँजी निर्माणमा योगदान गर्ने परियोजनामा मात्र ऋण परिचालन गर्नुपर्ने आयोगले जनाएको छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधानअनुसार प्रदेश र स्थानीय सरकारले नेपाल सरकारको स्वीकृति लिएपछि मात्रै आन्तरिक ऋणलाई बजेटको स्रोतका रूपमा समावेश गर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ । साथै, बजेट तर्जुमा गर्दा प्रत्येक आयोजना तथा कार्यक्रमको स्रोतगत विवरणमा आन्तरिक ऋण अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने सुझाव दिइएको छ ।

सार्वजनिक ऋण व्यवस्थापनमा पारदर्शिता र समन्वय अभिवृद्धि गर्न आयोगले एकीकृत विद्युतीय सूचना प्रणाली विकास गर्नुपर्ने आवश्यकता औँल्याएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत सङ्घ, प्रदेश र स्थानीय तहबाट लिइने सम्पूर्ण आन्तरिक ऋण तथा समग्र सार्वजनिक ऋणको लेखाङ्कन, प्रतिवेदन र अनुगमन एउटै प्रणालीमार्फत सञ्चालन गर्नुपर्ने र त्यसमा आयोगको पहुँचसमेत सुनिश्चित गर्नुपर्ने सिफारिस गरिएको छ ।

आयोगले आन्तरिक ऋणलाई चालु तथा प्रशासनिक खर्चमा प्रयोग गर्न नपाइने पनि सिफारिस गरेको छ । ऋणलाई दीर्घकालीन लाभ दिने, रोजगारी सिर्जना गर्ने र पुँजी निर्माणमा सहयोग पुग्ने परियोजनामा मात्रै प्रयोग गर्नुपर्ने उल्लेख छ । यसैगरी, बजारमा ब्याजदर न्यून भएका बेला मात्रै अल्पकालीन ऋण उपकरणमार्फत ऋण उठाउने र त्यस्ता उपकरणको नवीकरणलाई समेत नयाँ ऋणका रूपमा बजेटमा समावेश गरी संसद्बाट अनुमोदन गराउनुपर्ने व्यवस्था गर्न आयोगले सुझाव दिएको छ ।

आयोगले तीनवटै तहका सरकारले राजस्व र व्ययको यथार्थ विवरण नियमित रूपमा उपलब्ध गराउनुपर्ने आवश्यकता पनि औँल्याएको छ । प्रत्येक आर्थिक वर्षको अन्त्यसम्म आन्तरिक ऋणको अनुमानित र वास्तविक परिचालनको विवरण क्षेत्रगत, आयोजनागत, शीर्षकगत र स्रोतगत रूपमा खुलाएर आयोगमा पेश गर्नुपर्ने व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ । *(रासस)*

# किसानले चैते धानको उचित मूल्य पाएनन्

बनियानी (झापा), ६ चैत । अघिल्लो वर्ष किसानलाई यतिबेला चैतेको रोपाइँ गर्न भ्याइनभ्याइ थियो । तर, यो पटक गत वर्षको जस्तो उत्साह र जाँगर किसानमा छैन । कारण हो, मूल्य दुई वर्षअघि किसानले बर्खे र चैते दुवै धानको मूल्य राम्रो पाएका थिए ।

सरकारलेसमेत बेलैमा चैते धानको मूल्य तोक्दा किसानमा उत्साह थपिएको थियो । बजार भाउ पनि राम्रै मिलेको थियो । तर, पछिल्लो पटकको चैते धान र बर्खे धानले अघिल्लो वर्षको जस्तो मूल्य पाएन । गतवर्ष किसानले चैते धानको मूल्य प्रतिमन रु. ६ सय देखि रु. ७ सय पाएका थिए भने बर्खे धान रु. एक हजार २०० देखि रु. एक हजार ३०० सम्म पाएका थिए । गत वर्षको तुलनामा यो वर्ष करिब १५ देखि २० प्रतिशत चैते धानको क्षेत्रफल घट्ने कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्ट बताउनुहुन्छ ।

"गत वर्ष किसानले चैते धानको मूल्य नै पाएनन्", उहाँले भन्नुभयो, "किसानलाई लागत उठाउन पनि मुस्किल पर्यो ।"

मूल्य नपाएकै कारण यो वर्ष झापा जिल्लामा चैते धानखेतीको क्षेत्रफल घट्ने प्रमुख विष्ट बताउनुहुन्छ । "तीन हजारदेखि चार हजार हेक्टरसम्म चैते धानखेती घट्ने अनुमान गरेका छौँ", उहाँले भन्नुभयो । आव २०८१/८२ मा सरकारले १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको समर्थन मूल्य न्यूनतम् प्रतिक्विन्टल रु. दुई हजार ८६९ निर्धारण गरेको थियो । तर, किसानले मुस्किलले प्रतिक्विन्टल रु. एक हजार पाँच सयदेखि रु. एक हजार ७५० सम्म मात्र पाएका थिए ।

सरकारले आव २०८०/८१ को तुलनमा आव २०८१/८२ मा चैते धानको मूल्य प्रतिक्विन्टल रु. ९३.४१ बढायो । तर, किसानले पुरानै मूल्य पनि पाएनन् । चालु आर्थिक वर्षका लागिसमेत सरकारले बर्खे धानको न्यूनतम समर्थन मूल्य बढायो । मन्त्रिपरिषद्को बैठकले मोटा धानको मूल्य प्रतिक्विन्टल रु. तीन हजार ४६३.८१ तोक्यो भने मध्यम धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु. तीन हजार ६२८.३३ तोक्यो । अघिल्लो वर्ष मोटा धानको न्यूनतम समर्थन मूल्य रु. तीन हजार ४१० थियो भने वर्ष मध्यम धानको न्यूनतम मूल्य रु. तीन हजार ५८० तोकिएको थियो । तर, किसानले बढेको त परै जाओस् पुरानै मूल्य पनि पाएनन् ।

वर्सेनि सरकार मूल्य बढाउँदै जाने र किसानले मूल्य नपाउने शृङ्खला चलिरहेको छ । मिल उद्योगी र व्यवसायीले नै किसानलाई आफूखुसी धानको मूल्य दिने गरेका छन् । मिल उद्योगीको गुनासो बेग्लै छ । उनीहरूले उद्योग नै सङ्कटमा परेको गुनासो गर्छन्, गरिरहेका छन् ।

आव २०८०/८१ मा चैते धानको किसानले उचित मूल्य पाएका थिए । उक्त आवमा १९ हजार ८५० हेक्टरमा एक लाख चार हजार १४ मेट्रिकटन चैते धान उत्पादन भएको थियो । मूल्य राम्रो पाएपछि आव २०८१/८२ मा चैते धानखेतीको क्षेत्रफल एक सय हेक्टर बढेर १९ हजार ९५० हेक्टर पुगेको थियो भने एक लाख छ हजार १३४ मेट्रिक टन चैते धान उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख विष्टले जानकारी दिनुभयो ।

**प्रविधि सिकाउँदै ज्ञान केन्द्र**

किसानको लागत खर्च घटाउन र उत्पादन बढाउन कृषि ज्ञान केन्द्रले विभिन्न कार्यक्रम गर्दै आएको छ । विगतमाझैँ यस वर्षसमेत शिवसताक्षी र गौरादहको २४ बिघामा नमुना धानखेती गरिएको प्रमुख विष्टले बताउनुभयो । धान रोप्ने मेसिनको प्रयोग गरेर यी दुई स्थानमा नमुनाखेती गरिएको उहाँले बताउनुभयो ।

"किसानलाई कृषि प्रविधि सिकाउने र त्यसमा अभ्यस्त बनाउने काम गरिरहेका छौँ", उहाँले भन्नुभयो, "जसले किसानको लागत घटाउनुका साथै कृषि क्षेत्रमा आकर्षित गर्ने विश्वास छ ।" *(रासस)*

। सम्पादकीय ।

# भूअखण्डता र स्वाधीनताको निम्ति जनता लडिरहने

सरकारको नेतृत्व जुनसुकै दलले गरे पनि देशको अखण्डता, स्वाधीनता र सार्वभौमसत्ता रक्षाको निम्ति नेपाली जनता पछि पर्ने छैनन् । सरकारले देशविरोधी र जनविरोधी निर्णय गर्छ भने जनता चुप लागेर बस्ने छैनन् । संसद्मा दलको प्रतिनिधित्व भए पनि नभए पनि देश र जनताको सेवा गर्ने काम कम्युनिस्ट पार्टीले छोड्नु हुँदैन; नेमकिपाले छोड्दैन । पुँजीवादी व्यवस्थाको विरोधमा नेमकिपाका नेता तथा कार्यकर्ताहरू जनतामाझ पुगिरहेका हुन्छन्, जनताको दुःख सुख बुझिरहेका हुन्छन्; देश र जनताको सेवामा लागिरहेका हुन्छन् । सरकारले गरेका गलत काम र निर्णयको विरोध गरी जनताको पक्षमा काम गर्न नेमकिपा सरकारको ध्यानाकर्षण गर्न पछि पर्ने छैन । कुनै पनि देशभक्त जनता पछि पर्ने छैनन् ।

नयाँ बन्ने सरकारले कुन वर्गका जनताको सेवा गर्छ ? विदेशी शक्ति राष्ट्रको उठबसमा देश सञ्चालन गर्छ कि गर्दैन र एसपीपी पास गरेर देशमा अमेरिकी सेनालाई खेलाउने हो कि होइन ? त्यो समयले बताउनेछ । विदेशी शक्ति राष्ट्रको उठबसमा बन्ने सरकार चल्छ कि चल्दैन भन्ने कुरा व्यवहारले देखाउनेछ । रास्वपा देशभक्त दल हो भने विदेशी हस्तक्षेप स्वीकार्दैन बरु विरोध गर्छ । विदेशको भरमा बस्ने, विदेशी हस्तक्षेप स्वीकार्ने कुनै पनि दलको सरकारले देश बनाउँदैन, देश बन्दैन । हिजो शासक दललाई थर्काउने दल आफै शासक दल बन्दै छ । विगतको संसद्मा उठाएका सवाल र सन्दर्भहरू के रास्वपाले एक एक पूरा गर्ला ?

अमेरिकी राष्ट्रपति ट्रम्पले रास्वपाले बहुमत प्राप्त गरेपछि नेपाली सेनासँग सहकार्य गर्ने उद्घोषण गर्नु र त्यो स्वर सेलाउन नपाउँदै अमेरिकी सेनाका कमान्डर नेपालमा आएर नेपाली सेना प्रमुखसँग भेट्नु पक्कै पनि संयोग नहोला । यसअघि नेपाली सेना दिवसको नाउँमा सैनिक खुला मञ्चमा उफ्रीउफ्री परेड खेलेर अमेरिकी सेना प्रवेश भइरहेको दृश्यलाई नानाथरीको कल्की लगाएर ढाकछोप गर्ने प्रयास के गल्तीमाथि गल्ती गर्नु होइन ? जेन-जी आन्दोलनमा विदेशी घुसपैठ नभएको भए के सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन जल्थे ? विदेशी शक्ति या तत्त्वले नेपालमा कस्ता युवा विद्यार्थीलाई प्रयोग गरिरहेको छ र त्यसमा फस्ने नेपालीको को को हुन् ? देशभक्त जनताले चिन्नुपर्ने बेला आएको छ । उपद्रव गर्ने व्यक्तिहरूलाई देश कतातिर मोडिन्छ, देशको स्थिति के होला ? देश रहला नरहलाको कुनै चिन्ता हुँदैन ।

विदेशी हस्तक्षेपले द्वन्द्व निम्त्याउँछ । द्वन्द्वले समाज भड्काउँछ र जनता असुरक्षित हुन्छन् । नेपाली भूमिलाई उपयोग गरेर अरु देशमा आतङ्क मच्चाउने, उपद्रो गर्न दिएर आन्तरिक द्वन्द्व बढाउने कुनै पनि विदेशी शक्ति राष्ट्रको चलखेलमा नेपाल सरकार फस्नु हुँदैन । साँच्चै अमेरिकाले नेपाली भूमि उपयोग गरेर तिब्बतमा उपद्रव मच्चायो भने के चीन चुप लागेर बस्छ ? त्यसबेला सुरक्षाको निम्ति चीनले प्रतिकार गर्‍यो भने नेपालको स्थिति के होला ? त्यसबारे सोच्ने कि नसोच्ने ? चिनियाँ राष्ट्रपति सि चिनफिङको पुस्तक जलाइनु के काकताली मात्र हो ?  पुस्तकमा रहेको धुलो सफा गरेर के पुस्तक जल्छ ? पुस्तक जलाइरहेको दृश्य सामाजिक सञ्जालमा प्रत्यक्ष प्रसारण भएकै हो । प्राविधिक कारणबस पुस्तक जलेको हो भने पुस्तक जलिरहँदा सरोकारवाला पक्ष किन टुलुटुलु हेरेर बस्यो ? पुस्तक जलाउनु संयोग होइन; प्राविधिक कमजोरी होइन; यो जानाजान भएको कुरा घटनाले पुस्टि गर्छ ।

सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन जल्नु र जलाउनु संयोग होइन; जलाउने नियतले नै आगजनी गरिएको हो । देशकै धरोहर सम्पत्ति जल्दा पनि कहीँ कतैबाट आगो नियन्त्रण गर्ने र आन्दोलनकारीलाई नियन्त्रण गर्न खासै प्रयास भएन । सो घटनाको छानबिन गर्न गठित आयोगले सरकारसमक्ष प्रतिवेदन बुझाइसकेको छ । प्रतिवेदन सार्वजनिक भएको छैन । वर्तमान सरकारले प्रतिवेदन छानबिन गरेर दोषीमाथि कारबाही गर्नुपर्ने हो । तर, वर्तमान सरकारले सोको जिम्मा नयाँ बन्ने सरकारलाई दिने जानकारी प्रकाशमा आएको छ । आयोगले पेस गरेको प्रतिवेदनको आधारमा कारबाही हुन्छ कि हुँदैन ? कारबाही गर्न सरकार लागिपर्छ कि पर्दैन ? प्रतिवेदनमा हाल निर्वाचित सांसदहरू पनि कारबाहीमा परे सरकारले के सजाय गर्ला ? कतै आयोगको प्रतिवेदन सामसुम हुने त होइन ?

यस्तै मुद्दा प्रतिनिधिसभाको पनि छ । प्रतिनिधिसभा पुनर्गठन गर्नुपर्ने रितको कुनै सुनुवाइ भएको छैन । चुनाव घोषणालगत्तै हालेको उजुरीको फैसला होला कि नहोला ? त्यो पनि निश्चित छैन । चुनाव भएर पनि नतिजा आइसक्यो । के अब प्रतिनिधिसभा पुनर्स्थापना होला ? पुनर्स्थापना भयो भने के हुने हो ? राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ । प्रतिनिधिसभा पुनर्स्थापना हुने या नहुने फैसला निर्वाचन हुनुभन्दा अघि या निर्वाचन घोषणा भएलगत्तै भएको भए सबैलाई ढुक्क हुने हो । प्रतिनिधिसभाको मुद्दाको कारबाही कहाँ पुग्यो ? कुनै गाइँगुइँ छैन । तर, मुद्दा परेपछि ढिलो या चाँडो सोको फैसला हुनुपर्छ । निर्वाचनअघि सोको फैसला गर्न कसैले दबाब दिएर रोकेको हो कि !

# इरानले युद्ध जित्ने ६ आधारहरू

✍ विजय प्रशाद

युद्धहरूको निर्णय विरलै रणभूमिमा मात्र हुने गर्दछ । सैन्य अभियानहरूले सहरहरू ध्वस्त पार्न सक्छन् र ठुलो सङ्ख्यामा मानिसहरूको ज्यान लिन सक्छन्, तर राजनीतिक परिणामहरू भने सहनशीलता, वैधानिकता र तत्कालीन हिंसाको मुनि बहने ऐतिहासिक धाराहरूद्वारा परिभाषित हुन्छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी जनतामाथि थोपरेको युद्धले इजरायल र संयुक्त राज्य अमेरिकाका लागि रणनीतिक जितहरू त दिलाउन सक्ला, तर राजनीतिक धरातलले भने अर्कै कथा भनिरहेको छ । इरानले भौतिक संरचना र मानिसहरू गुमाएको छ, तर राजनीतिक रूपमा भने इरानले नै यो युद्ध जित्ने सम्भावना प्रबल छ ।

**पहिलो आधार : सत्ता परिवर्तन**

अमेरिका-इजरायल सैन्य अभियानको मुख्य उद्देश्य सत्ताको अस्थिरता वा परिवर्तन देखिन्थ्यो । तर, अमेरिकी गुप्तचर निकायहरूका प्रारम्भिक मूल्याङ्कनले के देखाउँछन् भने, वरिष्ठ राजनीतिक नेताहरूको हत्या भए तापनि इरानको राजनीतिक प्रणाली ध्वस्त भएको छैन । यसबाहेक, भारी बमबारीका बाबजुद पनि त्यहाँ कुनै आन्तरिक विद्रोह भएको छैन । वास्तवमा, यो युद्धले इस्लामिक गणतन्त्र र यसको ‘इस्लामिक रिभोलुसनरी गार्ड्स कर्प्स’ (IRGC) लाई झन् बलियो बनाएको देखिन्छ । इतिहासले हामीलाई सिकाउँछ कि जब कुनै राष्ट्र, विशेषगरी इरानजस्तो राष्ट्रिय गौरवको इतिहास भएको देशमाथि बाह्य शक्तिले आक्रमण गर्छ, तब सार्वभौमसत्ताको प्रश्न सर्वोपरि हुन्छ र आन्तरिक राजनीतिक मतभेदहरू अस्थायी रूपमा हराएर जान्छन् । यसको अर्थ यो हो कि यो युद्धका लागि न त संयुक्त राज्य अमेरिका, न त इजरायलसँग नै कुनै वास्तविक राजनीतिक अन्त्य (Political End-Game) अन्त्य गर्ने रणनीति छ ।

उनीहरू बमबारी कहिले रोक्छन् ? मार्च ९ मा ट्रम्पले भनेका थिए, कि इरानसँग “न त नौसेना छ, न सञ्चार व्यवस्था, न त उनीहरूसँग वायुसेना नै बाँकी छ । उनीहरूका मिसाइलहरू छरपस्ट भएका छन् । उनीहरूका ड्रोनहरू जताततै ध्वस्त पारिएका छन् ।” यदि इरानसँग अब कुनै सैन्य क्षमता बाँकी छैन भने, इरानमाथि आक्रमण गरेर बाँकी रहेको राज्यसत्तालाई किन नहटाउने त ? स्पष्ट छ, त्यो कुरा विचाराधीन पनि छैन । सत्ता परिवर्तनको उद्देश्यमात्र निर्वासित पूर्वइरानी कुलीनवर्ग र इजरायली सरकारको सपनामा सीमित छ ।

**दोस्रो आधार : असमित शक्ति (Asymmetrical power)**

प्यालेस्टिनी जनताविरुद्धको नरसंहारको क्रममा, इजरायली सेनाले लेबनान र सिरियाभरिका ‘प्रतिरोधको अक्ष’ का शक्तिहरूलाई कमजोर बनायो *(जसमा अल-कायदाका पूर्वप्रमुखलाई सिरियाको राष्ट्रपति बन्न अनुमति दिनु पनि सामेल थियो, जसले पछि इजरायललाई इरानमा बमबारी गर्नका लागि आफ्नो आकाश प्रयोग गर्ने अधिकार दिए)* । इजरायल र संयुक्त राज्य अमेरिका दुवैले यो ठानेका थिए कि अब इरानसँग इजरायलमाथि प्रतिशोध लिनका लागि ‘प्रतिरोधको अक्ष’ को कुनै फाइदा बाँकी छैन । यद्यपि, ‘प्रतिरोधको अक्ष’ एक सैन्य गठबन्धन मात्र होइन; यो एक राजनीतिक संस्कृतिमा पनि जरा गाडेर बसेको छ ।

विगत एक दशकमा दक्षिणी लेबनान र सिरियाका श्रमिकवर्गका प्रायः शिया-बस्तीहरूको (जसमा ग्रामीण अलेप्पोको एक नाटकीय यात्रा पनि सामेल छ) भ्रमण गर्दा मैले के पाएँ भने, यी क्षेत्रहरूको इरानी धार्मिक र राजनीतिक नेतृत्वसँग गहिरो सांस्कृतिक सामीप्यता छ । यो सम्बन्धले इरानलाई इजरायल र संयुक्त राज्य अमेरिकाविरुद्धको बृहत्तर राजनीतिक लडाइँमा समाहित गरिदिएको छ, जसले गर्दा रणनीतिक वातावरण जटिल बनेको छ र द्वन्द्व चर्काउनुपर्ने मूल्य झन् महँगो साबित भएको छ । यो सङ्घर्ष दुई देशबिचको सामान्य युद्ध मात्र होइन, बरु पश्चिम एसियाको भविष्यका लागि भइरहेको एउटा बृहत् प्रतिस्पर्धाको हिस्सा हो, जसमा थुप्रै यस्ता राजनीतिक र सामाजिक समूहहरू सामेल छन् जो इरानमाथि संयुक्त राज्य अमेरिका र इजरायललाई हाबी हुन दिन तयार छैनन् ।

**तेस्रो आधार : कूटनीतिक समस्याहरू**

अमेरिका-इजरायल युद्धको सुरुआत एउटा यस्तो आक्रमणबाट भयो जसमा एउटा प्राथमिक विद्यालयका १६५ बालिकाहरू मारिए । एम्नेस्टी इन्टरनेसनलकी एरिका ग्वेभारा-रोसासले भनिन्, “नागरिकहरूले भरिएका कक्षाहरू भएको विद्यालयमा गरिएको यो भयानक आक्रमण, यस सशस्त्र द्वन्द्वका क्रममा सर्वसाधारणले चुकाउनु परिरहेको विनाशकारी र पूर्णतः अनुमानित मूल्यको एउटा विभत्स उदाहरण हो ।” यी आक्रमणहरूले अस्पताल र ऊर्जा केन्द्रहरूजस्ता महत्त्वपूर्ण नागरिक पूर्वाधारहरू ध्वस्त पारेका छन् र इरानभरिको जनजीवनमा गम्भीर समस्या निम्त्याएका छन् । ठ्याक्कै वार्तामा कुनै निकास निस्कन लागेको जस्तो देखिएका बेला अमेरिका र इजरायलले यो बमबारी सुरु गरेका हुनाले, अहिले विश्वभरका सरकार र जनताका सामु अमेरिकाले कूटनीतिभन्दा पनि अत्यधिक सैन्य बल प्रयोग गर्ने गरेको अर्को उदाहरण छर्लङ्ग भएको छ ।

यो धारणाले ठुलो अर्थ राख्छ किनभने अहिले विश्वव्यापी वैधानिकताको पाङ्ग्रा घुमिसकेको छ र चीन तथा रुसजस्ता देशहरूले इरानलाई एक्ल्याउन अस्वीकार गरेका छन् । यस्तो देखिन्छ कि रुसले इरानका नयाँ सर्वोच्च नेता मोज्तबा खामेनीलाई बमबारीका क्रममा लागेको चोटको उपचारका लागि हवाई मार्गबाट मस्को पुर्‍याएको छ । जुन यी दुई देशबिचको दिगो सम्बन्धको सङ्केत हो ।

**चौथो आधार : रणनीतिक भूगोल**

स्ट्रेट अफ हर्मुज, जहाँबाट विश्वको ठुलो हिस्सा तेल र प्राकृतिक ग्यास आपूर्ति हुन्छ; बन्द गर्नसक्ने इरानको क्षमताले अहिले सम्पूर्ण विश्व अर्थतन्त्रमा हलचल पैदा गरेको छ । तेलको मूल्यको सूचक मानिने ‘ब्रेन्ट क्रुड’ प्रतिब्यारेल १०० अमेरिकी डलर नाघ्यो, तेल ट्याङ्करहरूको ढुवानी दर र युद्ध-जोखिम बीमा शुल्क तीव्र रूपमा बढ्यो र सो जलसन्धि भएर जाने मलका ढुवानीहरू अहिले बिचमा नै रोकिएका छन्, जसको विश्वव्यापी कृषिमा ठुलो प्रभाव पर्नेछ । हर्मुज जलसन्धि बन्द गर्न सक्ने इरानको भौगोलिक सामर्थ्यले उसलाई यस्तो शक्ति दिएको छ जुन विश्वका थोरै देशहरूसँग मात्र छ । अमेरिका अहिले स्ट्रेट अफ हर्मुज पुनः खुलाउनका लागि इरानमाथि सैन्य वा कूटनीतिक दबाब दिन कुनै पनि देशलाई गुहार्न आतुर छ, तर कसैले पनि यसमा रुचि देखाएको देखिँदैन ।

उदाहरणका लागि, चीनले आफ्ना जहाजहरूलाई जान दिनका लागि इरानसँग द्विपक्षीय वार्ता सुरु गर्‍यो र त्यसपछि तनाव कम गर्न आग्रह गर्‍यो । एसियाका अमेरिकी सहयोगीहरू जस्तैः जापान र दक्षिण कोरिया, साथै युरोपेली देशहरूले यस सैन्य दुस्साहसमा सहभागी हुन अस्वीकार गरे ।

**पाँचौँ आधार : सैन्य शक्तिको सीमा**

इजरायल र अमेरिकाले इरानी निसाना र पूर्वाधारहरूमा प्रहार गर्न त सक्छन्, तर उनीहरूले झन्डै १० करोड जनसङ्ख्या भएको देशमा आक्रमण गर्न सक्दैनन्, जहाँका धेरैजसो नागरिकले सक्रिय रूपमा कब्जाको प्रतिरोध गर्नेछन् । यस्तो स्थलगत आक्रमणले क्षेत्रीय डढेलो निम्त्याउनेछ जसले इराक र यमनलाई पनि तान्नेछ, जहाँ अहिले स्थिति धेरै हदसम्म शान्त छ । इराकमा भएका केही आक्रमणहरूले अझै पनि त्यस्तो समर्थन देखाएका छैनन् जुन इरानले अमेरिकी र इजरायली भूमिगत आक्रमणको अवस्थामा प्राप्त गर्नेछ ।

इराक (२००३) र लिबिया ( २०११) को अनुभवले देखाउँछ कि राष्ट्रपतिको कार्यालय ध्वस्त पार्नु सजिलो छ, तर अराजकताबिना राजनीतिक प्रणालीलाई विस्थापित गर्नु कठिन छ । सैन्य श्रेष्ठता यहाँ आएर राजनीतिक यथार्थसँग ठोक्किन्छ । हवाई शक्तिले पूर्वाधार नष्ट गर्न सक्छ, तर यसले राजनीतिक विचारधारालाई मेटाउन वा आन्तरिक एकता कायम राखेको राज्यलाई छिन्नभिन्न पार्न सक्दैन ।

**छैटौँ आधार : आणविक हतियारको भविष्य**

जुलाई २०२५ मा अमेरिका र इजरायलले गरेको आक्रमणले इरानका आणविक सुविधाहरू पूर्ण रूपमा ध्वस्त पारेको थियो । ट्रम्पले त्यसबेला भनेका थिए, “सर्वनाश (Obliteration) नै सही शब्द हो !” तर, देशबाट जे हटाइएको थिएन, त्यो थियो ४४० केजी संवर्धित युरेनियमको भण्डार । यदि इरानले आणविक हतियारद्वारा प्रतिरोधको आवश्यकताका बारेमा आफ्नो निर्णय बदल्ने हो भने, यसले आणविक हतियार कार्यक्रमका लागि आधार प्रदान गर्दछ ।

आणविक अप्रसारको हालैको इतिहास शिक्षाप्रद छ : सन् १९९४ मा, प्रजातान्त्रिक जनगणतन्त्र कोरिया (उत्तर कोरिया) ले आफ्नो प्लुटोनियम आणविक कार्यक्रम रोक्न सहमतिको ढाँचामा हस्ताक्षर गर्‍यो । त्यसपछि, सन् २००१ मा अमेरिकी राष्ट्रपति जर्ज डब्लु. बुशले सत्ता परिवर्तनको भाषालाई तीव्र बनाएपछि (जसमा ‘दुष्टको अक्ष’ वा ‘Axis of evil’ जस्ता वाक्यांश प्रयोग गरिए), उत्तर कोरिया सन् २००३ मा आणविक अप्रसार सन्धिबाट बाहिरियो । सन् २००६ मा ‘छ-पक्षीय वार्ता’ मा कूटनीतिक सफलता मिलेको थियो, तर त्यसलगत्तै अमेरिकाले उत्तर कोरियाको २ करोड ५० लाख डलर रोक्का गरिदियो, जसले अक्टोबर २००६ मा आणविक हतियार परीक्षणको स्थिति निम्त्यायो । इरानमाथि लादिएका यी दुई युद्धहरूले (२०२५ र २०२६) आणविक हतियार परीक्षण नगर्ने प्रतिज्ञा तोड्न र इरानी आणविक हतियारको विकासतर्फ डोर्‍याउन सक्छन् ।



इरान यस युद्धबाट क्षतिग्रस्त पूर्वाधार, ठुलो आर्थिक दबाब र जनधनको क्षतिले मर्माहत भएका परिवारहरूको साथमा बाहिर निस्कनेछ । तर, युद्धको फैसला केवल विनाशको आधारमा गरिँदैन । युद्धको मूल्याङ्कन राजनीतिक उद्देश्यहरू प्राप्त भए कि भएनन् भन्ने आधारमा गरिन्छ । अमेरिका र इजरायलले आफ्ना कुनै पनि युद्ध-लक्ष्यहरू प्राप्त गर्ने छैनन् । इतिहासले प्रायः यस्तै विडम्बनाहरू प्रस्तुत गर्दछ । साम्राज्यहरू आफ्नो सैन्य श्रेष्ठतामा विश्वस्त भएर युद्धमा होमिन्छन्, तर अन्ततः उनीहरूले के थाहा पाउँछन् भने राजनीतिक वैधानिकता, राष्ट्रिय लचिलोपन र रणनीतिक भूगोल यस्ता शक्ति हुन् जसलाई बमले सजिलै हराउन सक्दैन ।

**विजय प्रसाद**

विजय प्रसाद एक भारतीय इतिहासकार, सम्पादक तथा पत्रकार हुन् । उनी ग्लोबट्रटर (Globetrotter) मा लेखन फेलो तथा प्रमुख संवाददाता हुन् । उनी लेफ्टवर्ड बुक्स (LeftWord Books) का सम्पादक तथा ट्राइकोन्टिनेन्टल : सामाजिक अनुसन्धान संस्थान (Tricontinental : Institute for Social Research) का निर्देशक पनि हुन् ।

*- ‘ग्लोबट्रटर/दायित्वबोध डटकम’ बाट*

## सन्दर्भ : जातीय विभेदविरुद्ध विश्व दिवस

# ‘संरा अमेरिकाको इतिहासमा कालाहरू’ बारे एक चर्चा


✍ समा

संरा अमेरिकामा काला जातिमाथिको पाशविक दमनको सिलसिला रोकिएको छैन । सन् २०२० मा मात्र काला वर्णका जर्ज फ्लोइडलाई अमेरिकी प्रहरीले घाँटी थिचीथिची हत्या गरेको थियो । संरा अमेरिका आफूलाई प्रजातन्त्र र मानवअधिकारको ठेकेदार दाबी गर्छ । वास्तवमा संरा अमेरिकामा काला जातिका लागि न प्रजातन्त्र छ न त मानवअधिकार नै । देशको विकास, समृद्धि र बलियो अर्थतन्त्रको जग अफ्रिकी-अमेरिकी र काला जाति नै हुन् । काला जातिमाथिको दासताको जगमा उठेको संरा अमेरिकाले त्यो वर्ण या जातिमाथि आज पनि शोषण र अत्याचार रोकेको छैन । सन् २०२० को तथ्याङ्कअनुसार संरा अमेरिकामा ४ करोड १६ लाख जनसङ्ख्या काला जातिका छन् । अर्थात्, संरा अमेरिकाको जनसङ्ख्याको १३.६ प्रतिशत हो । संरा अमेरिकाको दक्षिणी भेगमा काला जाति बढी बस्छन् । दक्षिण अमेरिकाको कुल जनसङ्ख्याको ५६ प्रतिशत । विशेषत: टेक्सस, जर्जिया, फ्लोरिडा, न्युयोर्क, क्यालिफोर्निया, उत्तर कारोलिइना, मेरिल्याण्ड, इलियोनोइस, भर्जिनिया, ओहायोलगायतका सहरहरूमा काला अमेरिकीको बाहुल्यता छ । ती सहरहरू अमेरिकाको चुनावका लागि निर्णायक भोटको स्रोत पनि हुन् । सयौँ वर्ष काला अमेरिकीहरूलाई आफ्नो भोट बैङ्क बनाएका अमेरिकी शासकहरूले राज्यबाटै दमन र शोषण रोकेको छैन । आज पनि फरकरूपमा २०० वर्ष पुरानो दासताको चक्रब्युह भोग्न बाध्य छन् ।

संरा अमेरिकामा काला जातिलाई मानवको दर्जा दिइन्न । दासको रूपमा व्यवहार गरिन्छ । सन् १९५० र १९६० को दशकमा काला जातिमाथिको दमन र अत्याचारको पृष्ठभूमिले आजको अमेरिकी समाजको तुलनात्मक अध्ययन गर्न सकिन्छ । लेखक रोवर्ट इभानोभले आजभन्दा ३७ वर्षअघि अर्थात् सन् १९८५ मा लेख्नुभएको पुस्तक ‘संरा अमेरिकी इतिहासमा कालाहरू’ ले तत्कालीन परिस्थितिमा काला जातिको राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था उजागर गर्छ । रुसको मस्कोमा जन्मनुभएका तनोभले संरा अमेरिकाको जातीय समस्यालाई कम्युनिस्ट विचारको आधारमा विश्लेषण गर्नुभएको छ । विशेषत: ५० र ६० को दशकमा कालाजातिहरूको अवस्थाबारे गहन र सटिक विश्लेषण पुस्तकमा छ । साँचो अमेरिका चिन्न निकै पठनीय पुस्तक हो ‘संरा अमेरिकी इतिहासमा कालाहरू’ । पुस्तकबारे सङ्क्षिप्त चर्चाले संरा अमेरिकामा आजको विभेद, जातीय विभाजनको पृष्ठभूमि बुझ्न सघाउँछ ।

इतिहास पल्टाउने हो भने संरा अमेरिकाले छोटो समयमै भौतिक उत्पादनमा फड्को मारेको र आफूलाई विशाल औद्योगिक देशको रूपमा स्थापित गरेको भेटिन्छ । प्राकृतिक स्रोतसाधन र मानवीय श्रमशक्तिको उपलब्धता संरा अमेरिकी द्रुत विकासका आधार हुन् । त्यो कहाँबाट र कसरी जुटायो भन्ने प्रश्न महत्त्वपूर्ण हो । संरा अमेरिकाले सेना र रणनीतिक मिसनहरूबाट पनि आफूलाई धनी बनाएको सत्य कसैबाट लुकेको छैन । दुई सय वर्षको इतिहासमा संरा अमेरिकाले दुईवटा ठूल्ठुला क्रान्तिहरू बेहोर्यो- अमेरिकी स्वतन्त्रता आन्दोलन (१७७५-१७८३) र गृहयुद्ध ( १८६१-१८६५) यी सङ्घर्षहरूले पनि संरा अमेरिकाको सामाजिक आर्थिक र सामाजिक राजनीतिक जीवनमा परिवर्तन ल्यायो र देशको विकासमा सघायो ।

इतिहासको अध्ययनले भन्छ -पहिलो र दोस्रो विश्वयुद्धले मानिसको जीवन र सभ्यतामा अपूरणीय क्षति पुर्‍यायो । विशाल आकारमा जनधनको क्षति भयो । भौतिक संरचनाहरूको ध्वंश भयो । तर, संरा अमेरिका एउटा त्यस्तो देश हो जसले पहिलो र दोस्रो विश्वयुद्धबाट फाइदा उठायो । ती विश्वयुद्धहरूले शक्तिहरूको खेमा छुट्यायो र पुँजीवादी विश्वको नेतृत्व गर्न संरा अमेरिकालाई सघायो । एउटा मार्क्सवादी सत्य के हो भने क्रान्तिहरू भनेका इतिहासका स्वचालित यन्त्र हुन् । दोस्रो अमेरिकी क्रान्ति र सन् १८६१-१८६५ को गृहयुद्धले संरा अमेरिका एउटा शक्ति केन्द्रको रूपमा स्थापित भयो । सन् १८६४ मा फेडरिक एङ्गेल्सले भन्नुभएको थियो संरा अमेरिकी विकासको अवरोध त्यहाँको दास व्यवस्था हो ।




नभन्दै संरा अमेरिकी गृहयुद्धको अन्त्यपश्चात् सन् १८९४ तिरबाट विकासमा द्रुत प्रगति थाल्यो र विश्वमै विशिष्ट स्थान बनायो । आर्थिक विकासमा केन्द्रित संरा अमेरिकाको राजनीतिक, नैतिक र सामाजिक मूल्य मान्यता भने सही थिएन । यसले अर्थतन्त्रमा पनि असर देखायो । संरा अमेरिका राज्य-एकाधिकारको अभ्यास गर्दै थियो । त्यतिमात्र होइन वैज्ञानिक र प्राविधिक क्रान्तिको नाममा उद्योग र कलकारखानाबाट श्रमिक - मजदुर लखेटिँदै थिए । प्राविधिक विकासले बेरोजगारीजस्तो समस्या निम्त्याउन सक्ने सम्भावनाको ख्याल नगरी संरा अमेरिका विकासलाई द्रुत बनाउने एकसूत्रीय बाटोमा थियो । आर्थिक समृद्धिबाहेक नैतिकता, करुणा र समानता भन्ने शब्दले केही अर्थ राखेन । नभन्दै सन् १९३० मा महान् आर्थिकमन्दी सामना गर्नुपर्‍यो । पुँजीवादी अर्थव्यवस्थाको दुर्गुणका कारण विश्वले आर्थिकमन्दीको सामना गर्नुपर्‍यो । औद्योगिकीकरणसँगै निम्तिने वातावरणीय प्रदूषण र ह्रासको सवालमा संरा अमेरिकाले ध्यान दिन सकेन । यी समस्याहरूसँगै संरा अमेरिकामा जातीय समस्या अझ विकराल बन्दै गयो । संरा अमेरिका त्यस्तो पुँजीवादी देश हो जहाँ विभिन्न रङ्गका मानिसहरू बस्छन् । ५ करोड अमेरिकीमा ३ करोड काला जातिका मानिस छन् ।

संरा अमेरिकाको स्वतन्त्रता आन्दोलन अमेरिकाको उत्तरी प्रान्तहरूमा बेलायतको उपनिवेशविरुद्ध थियो । त्यो आन्दोलनले काला जातिको समस्यालाई पनि सतहमा ल्यायो । दासताको समस्या देशको स्वतन्त्रतासँगै प्रत्याभूत हुने अपेक्षाले काला जातिले स्वतन्त्रता आन्दोलनमा आफ्नो रगत बगाए । अमेरिकाको उत्तरतिर दासप्रथाको उन्मूलन आर्थिकरूपमा फाइदाजनक नदेखेर दक्षिणतिर अमानवीय ढङ्गबाट क्रान्तिको उद्देश्यविरुद्ध मानव शोषणको लज्जाजनक चक्रब्युह पुन: निर्माण गर्‍यो । मानिसमाथिको शोषणविरुद्ध धेरै प्रतिशतमा रहेका काला जातिले ४ वर्षसम्म रगत बगाए । दासप्रथा उन्मूलन गरी लिङ्कनले जारी गरेको ‘मुक्तिको घोषणा’ ले अमेरिकामात्र होइन विश्व इतिहासमा ठूलो महत्त्व राख्छ ।

वास्तविकता के हो भने ती अमेरिकी दासहरूले शब्दमा स्वतन्त्रता पाए, व्यक्तिगत स्वतन्त्रता मिल्यो तर न तिनले जमिन पाए न त नागरिक र राजनीतिक अधिकार नै पाए । यसरी हिजोका दासहरूलाई स्वतन्त्र गर्ने नाममा व्यवस्थाको अर्को तहमा पुन: दास नै बनाइयो, पुँजीवादी देशका पुँजीपतिहरूको फाइदाका निम्ति सस्तो ज्यामी र नोकर बनायो । लिङ्कनको दासमुक्ति घोषणापछि आजसम्म पनि दक्षिण काला जातिको लागि कारागार या जेलसमान छ । विभेदको अग्लो पर्खाल बनाई अलग्याइएको छ । स्वस्थ र आनन्दको हावाबाट समेत बञ्चित गरिएको छ । संरा अमेरिकामा काला अमेरिकीको अर्ध-दासको अवस्था उत्तरी बुर्जुवा या पुँजीपतिहरूले निर्माण गरेका हुन् र दक्षिणका धनीमानीहरूले निर्माण गरेका हुन् । गृहयुद्धकै समयमा उत्तर अमेरिकाले दक्षिणका काला जातिका गुटहरूलाई धोखा दिएको थियो जसले दासमालिकहरूलाई फाइदा पुग्यो ।

दक्षिणमा आतङ्कवादको शासन उत्तरका बुर्जुवा दक्षिणकै दासमालिक या जमिनदारहरूबाट सुरु भएको थियो जसको एउटै उद्देश्य काला जातिलाई उत्पादनका स्रोतहरूबाट विमुख गराउनु र युग-युगसम्म न्यूनतम पारिश्रमिकमा जमिनदारको सेवामा लगाउनु हो । दुई पक्ष मिलेर काला जातिमाथि निर्मम शोषण गर्‍यो । त्यसकारण, दोस्रो अमेरिकी क्रान्तिले पनि काला जातिमाथिको शोषण अन्त्य गरेन । प्रश्न उठ्छ, संरा अमेरिकाका दुई ठूला सामाजिक क्रान्तिले पनि काला जातिको समस्या किन समाधान गर्न सकेन ? संरा अमेरिकी जातीय विभेदको परम्परागत जरा कता छ ? विभेदविरुद्ध ठूल्ठुला आन्दोलन र अभियान चलिरहेको आजको विश्वमा समेत नयाँ ढङ्गको दासप्रथा र रङ्गभेद किन जीवित छ ? यी प्रश्नहरूको जवाफ यस पुस्तकबाट खोजी भएको छ । एक साधारण मानिसलाई पनि लाग्छ संसारको सबैभन्दा शक्तिशाली पुँजीवादी देशले आफ्नो जातीय र रङ्गभेदको समस्या किन समाधान गर्न सकेन ? समाधान नगरेको हो या गर्न नसकेको ? रङ्गभेद र जातीय भेदका कारण उब्जिएका सामाजिक, राजनीतिक, कानुनी समस्याहरूको हलबिना संरा अमेरिकाको भविष्य रहन्छ ? हिजो र आज संरा अमेरिकामा कालाहरूको अवस्था र जनजीवनले यो प्रश्नको जवाफ दिन्छ ।

अमेरिकाका प्रजातन्त्रवादी, राजनीतिज्ञ र सार्वजनिक व्यक्तित्वहरूले सबैभन्दा बढी महत्त्वका साथ उठाउने गरेको मुद्दा काला जातिको समस्या हो । यो काला जातिको दु:ख र शोषणमाथि अभद्र राजनीति गर्छन् । तिनलाई भऱ्याङ् बनाई सत्तामा उक्लिन्छन् र तिनैमाथि शोषणको पहाडले थिच्छन् । काला जातिको समस्या संरा अमेरिकाको




सामाजिक र राजनीतिक जीवनसँग प्रत्यक्ष सम्बन्धित छ । त्यसकारण, त्यहाँ कालाहरूको पक्षमा लड्ने प्रगतिशील विचारका सङ्गठनहरू पनि छन् । प्रगतिशील र प्रतिक्रियावादी पक्षबिचको द्वन्द्व अर्को समस्या बनेको छ - संरा अमेरिकाका लागि । पुस्तकमा लेखिएको छ, “जातीय विभेदका सन्दर्भमा प्रगतिशील र प्रतिक्रियावादी शक्तिबिचको सङ्घर्षले संरा अमेरिकी साम्राज्यवादका लागि गहिरो सामाजिक राजनीतिक सङ्कट पैदा गरेको छ ।”

संरा अमेरिकामा कालाहरू आन्दोलन अर्थात् रङ्गभेदविरोधी आन्दोलनका प्रवक्ता राल्फा अबरनाथीले सन् १९६८ जूनतिरै भियतनाममा संरा अमेरिकी हमलाविरुद्ध बोलेका थिए । अन्य देशका सुन्दर सहरहरूलाई खरानी बनाउनका निम्ति राज्यले काला जातिको प्रयोग गरेको इतिहास छ । त्यसले संरा अमेरिकामा कालाहरूको समस्या अझ विकराल बनायो ।

लेखकले यो पुस्तक लेख्नुभएको समयमा अमेरिकामा ३ करोड ५० लाख अमेरिकी जनता गरिबीको रेखामुनि थिए । त्यसको ठूलो सङ्ख्या काला जाति थियो । सबैभन्दा शोषणमा परेका यो जनसङ्ख्या अमेरिकी पुँजीपति र शासकवर्गका लागि भने नाफाको स्रोत हो । अमेरिकाको यो कालो सत्यविरुद्ध लामो समयदेखि संरा अमेरिकामा कम्युनिस्ट पार्टी सक्रिय छ । अमेरिकी एकाधिकार गोरा छालाले काला जातिबाट वार्षिक ७० अर्ब अमेरिकी डलर नाफा मात्र सोहर्छ । राज्यको एकाधिकार पुँजीका कारण गरिब आदिवासी काला जातिमाथि निरन्तर शोषण जारी छ । काला जातिको दु:खको कारण पुँजीवाद हो । त्यसकारण, रङ्गभेदी शासनविरुद्धको सङ्घर्ष जरुरी छ । अन्यथा, जातीय रङ्गभेदका कारण पुँजीपतिहरू झन् बढी नाफा कमाउनेछन् । त्यही नाफा पुन: एकाधिकार पुँजीमा जोडिन्छ । गरिब आदिवासी काला जातिमाथि दु:ख र शोषण थपिन्छ । यही सत्य प्रचारमा कम्युनिस्ट पार्टी लागिपरेको छ ।

अमेरिकी सहर या समाजको अर्को समस्या अपराध, हिंसा र लुटपाट हो । संरा अमेरिकाका आन्दोलनहरूपछि यस्ता घटनाहरू द्रुतरूपमा बढ्यो । राष्ट्रपति रेगनको समयमा पनि समस्या समाधान भएन । त्यो अपराधको आक्षेप काला जातिमाथि लाग्ने गर्थ्यो । आज पनि सिलसिला रोकिएको छैन । त्यति मात्र होइन सन् १९८२ तिर संरा अमेरिकामा काला जातिका युवाहरू ४९.७ प्रतिशत बेरोजगार थिए । यो भनेको समग्र बेरोजगारी दरभन्दा ३ गुणा बढी हो । गोरा जातिमा १६ प्रतिशतको निरक्षरता रहँदा ४४ प्रतिशत काला जाति निरक्षर थियो । आयमा विभेद थियो । गोरा मानिसले कमाउने कमाइको ५७ प्रतिशत मात्र काला जातिले कमाउँथे । यो विभेद र अन्यायविरुद्ध संरा अमेरिकामा कालाजातिका युवाहरूले आन्दोलन अघि बढाए । त्यसका नेता बेन चाभिस र उनका कामरेडहरूलाई अमेरिकी प्रशासनको दबाबमा थुनामा राखियो र आजीवन जेलसजाय सुनायो । जब काला जातिको आन्दोलन अघि बढ्छ राज्य दमनमा उत्रने गरेको छ । तर सङ्घर्ष भने जारी छ । केही युवाहरू तत्कालीन सोभियत रुसको व्यवस्थाबाट प्रभावित थिए । तर, संरा अमेरिका सोभियत रुसविरुद्ध मनोवैज्ञानिक युद्ध छेड्दै थियो । सोभियत रुस मात्र होइन समाजवादी देशहरूप्रति युवा मनहरूमा वितृष्णा रोप्दै थियो । राष्ट्रपति रेगन भन्थे, “सोभियत रुस र समाजवादी देशहरूविरुद्ध लड्नु भनेको अन्तर्राष्ट्रिय आतङ्कवादविरुद्ध लड्नु हो ।” अमेरिकी प्रशासन समाजवादी या कम्युनिस्ट हुनुलाई आतङ्कवादी हुनु हो भन्ने व्याख्या गर्दै थियो । आजको परिवेशमा खासै परिवर्तन भने आएको छैन । अन्तर्राष्ट्रिय आतङ्कवादको विरोधमा शान्तिको नारा जप्दै संरा अमेरिका विश्वमा युद्धको आतङ्क फैलाउँदै थियो ।

देशभित्रको कलहको कारण काला जाति हो र काला जातिको आन्दोलन आतङ्कवादी विचारबाट प्रेरित छ भन्दै रेगन प्रशासन रक्तपातपूर्ण दमन गर्न पछि हट्दैनथ्यो । संरा अमेरिकामा हुने हत्याहिंसाको कारण काला जातिका अमेरिकी हुन् भन्ने आक्षेप लगाइन्थ्यो । जस्तोसुकै अपराधमा काला वर्णका किशोर र युवाहरूलाई फसाउने र सजाय दिने सिलसिला रोकिएको छैन । रेगन प्रशासनबाट काला जातिलाई ‘पागल कुकुर’ को संज्ञा दिइएको थियो । काला जातिमाथि पशुतुल्य व्यवहार रोकिएन ।

सन् १९६० को दशकमा मात्र अमेरिकी आन्दोलनमा क्रान्तिकारी विचारले प्रवेश पाएको थियो । काला जातिको दु:खविरुद्ध क्रान्तिको आवश्यकताबोध गरियो । संसारमा स्वतन्त्रता आन्दोलन अघि बढ्दै थियो । अफ्रिकी महादेशमा मात्र ३२ वटा देशहरू उपनिवेशबाट मुक्त बने । काला जाति आफ्नै देशभित्र उपनिवेश भोग्दै थियो । त्यसकारण, राजनीतिक, सामाजिक, नैतिक सङ्घर्षहरू सँगसँगै अघि बढाउन जरुरी थियो ।

संसारमा रङ्ग र जातीय भेदको जरा संरा अमेरिकासँग जोडिन्छ । समाजवादी देशहरूले संरा अमेरिकी साम्राज्यवादसँगै जातीय र रङ्गभेदविरोधी सङ्घर्ष अघि बढाएको इतिहास छ । लेखक इभानोभ लेख्नुहुन्छ, “साम्राज्यवाद र जातिवाद नछुट्टिएका अर्थात् जोडिएका विषय हुन् ।” त्यसकारण, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन विश्व साम्राज्यवादसँगै जातिवाद, फासीवादविरुद्ध पनि केन्द्रित छ । दुई सय वर्षको इतिहासमा अमेरिकी कम्युनिस्ट पार्टीले नै मात्र जातिवाद र अमेरिकी फासीवादको निरन्तर विरोध गर्‍यो । अमेरिकाको आर्थिक समृद्धिमा काला जातिको योगदानबारे चर्चा गर्‍यो । दासताबाट मुक्तिसँगै जातीय दमन र विभेदको चक्रब्युहमा परेका काला जाति कहिल्यै नटुङ्गिने स्वतन्त्रता आन्दोलनमा अथक हिँडिरहेका छन् । मानव हुनुको गौरव बाँच्न नदिने राज्यविरुद्ध आफ्नो पढाइ, काम र मामको निम्ति काला जातिका गरिब जनता सङ्घर्ष गर्दै छन् । काला जातिको स्वतन्त्रता र हकअधिकार गोरा जातिको मुट्ठीमा रहेको तथ्य विरुद्ध सङ्घर्षको विकल्प होला ?

काला जातिमाथि दासत्व र जातीय विभेदको लामो इतिहाससँगै दमन र विभेदविरुद्ध सङ्घर्षका श्रृङ्खलाहरूलाई पुस्तकले समेटेको छ । संरा अमेरिकामा जातीय भेदका कारण सिर्जित राजनीतिक, आर्थिक, नैतिक, कानुनी र नागरिक समस्याहरू उजिल्याएको छ । काला जातिका आन्दोलनहरूमा विभिन्न क्रान्ति र युद्धहरूको प्रभावबारे प्रस्ट्याएको छ । जातीय विभेदबाट मुक्ति आन्दोलन समाजवादी आन्दोलनसँग नजोडिएसम्म न त अमेरिकी एकाधिकार पुँजीको शोषण अन्त्य हुनेछ न त जातीय विभेद या दमन खत्तम हुनेछ । यो सन्देश पुस्तकबाट मिल्छ ।

पुस्तकले काला जातिको युद्धपछिका आन्दोलनको मात्र सवाल उठाएको छैन बरु प्रजातान्त्रिक सङ्घर्षहरूमा काला जातिको सहभागिता सँगै जातीय विभेदविरुद्ध बलियो आवाज दिएको अनुभव हुन्छ ।

पाँच वटा अध्यायसहितको यस पुस्तकमा औपनिवेशिक समयावधिको राम्रो चर्चा छ । अमेरिकी स्वतन्त्रता आन्दोलनदेखि विश्व फासीवादविरोधी सङ्घर्ष र ती सङ्घर्षहरूमा काला जातिको सहभागिता र सङ्घर्षको इतिहास पुस्तकमा छ । काला जातिले नै संरा अमेरिका निर्माणमा ठूलो योगदान गरेको थियो । तर आजसम्म ती नै संरा अमेरिकी शासकवर्गको दलनमा छन् । संरा अमेरिकामा काला जातिको अवस्था देखेर लेनिनले भन्नुभएको थियो, “काला जातिको दुर्दशाका निम्ति तिमीलाई धिक्कार छ अमेरिका ।”

प्रजातन्त्र, न्याय, स्वतन्त्रता, मुक्ति, समानता र अधिकारबाट वञ्चित अफ्रिकी अमेरिकी र काला जातिले आफ्नो आन्दोलन वर्गसङ्घर्षसँग जोड्नुपर्ने तर्क पुस्तकमा छ । त्यति मात्र होइन गोरा जातिको सर्वोच्चता या प्रभुत्वविरुद्ध साम्राज्यवादविरोधी सङ्घर्ष जरुरी छ । संरा अमेरिकाभित्र र बाहिर बर्बरता अन्त्यका लागि साम्राज्यवादविरोधी सङ्घर्ष अनिवार्य छ । अन्यथा भेद, अत्याचार, दमन संरा अमेरिकाभित्र त अन्त्य हुँदैन बाहिरको विश्व पनि प्रभावित बनिरहनेछ । पुस्तकको सन्देश यही नै हो ।

***स्रोत : ‘श्रमिक’ साप्ताहिकबाट***



सुदूर पश्चिम एसियाली देश लेबनानको राजधानी बेरुतको दक्षिणी भाग दहियेह क्षेत्रमा इजरायली हवाई हमलाका कारण उठेको धुवाँको मुस्लोबिच रफिक हरिरि अन्तर्राष्ट्रिय विमानस्थलबाट मिडल इस्ट एयरलाइन्सको यात्रुवाहक विमान उड्दै मार्च १७, २०२६ का दिन ।

*तस्बिर : एपी/हस्सन अम्मार*

# मध्यपूर्वको तनाव थप व्यापक बन्दै

पेरिस, ६ चैत (एएफपी) । मध्यपूर्वमा जारी युद्ध थप व्यापक बन्दै जाँदा खाडी क्षेत्रदेखि युरोपसम्म यसको असर फैलिएको छ । क्षेप्यास्त्र र ड्रोन आक्रमण, प्रतिआक्रमण, ऊर्जा पूर्वाधारमा क्षति र कूटनीतिक सक्रियता एकैसाथ तीव्र बनेका छन्, जसले क्षेत्रीय सुरक्षा मात्र नभई, विश्वव्यापी स्थायित्वमा पनि चिन्ता बढाएको छ ।

शुक्रबार खाडी क्षेत्रका विभिन्न देशहरूमा आक्रमण र प्रतिरक्षात्मक कारबाही देखिएको छ । एमिराटी र कुवेतका अधिकारीहरूले आफ्नो हवाई सुरक्षा प्रणालीले क्षेप्यास्त्र आक्रमणलाई जवाफ दिइरहेको बताएका छन् । साउदी अरबको रक्षा मन्त्रालयले देशको पूर्वी भागमा १० वटा र उत्तरी क्षेत्रमा थप एक ड्रोन रोकी नष्ट गरिएको जानकारी दिएको छ । बहराइनले भने 'इरानी आक्रामकता' का कारण एक गोदाममा आगलागी भएको पुष्टि गर्दै मानवीय क्षति नभएको जनाएको छ ।

यसैबिच, संयुक्त अरब इमिरेट्सले आन्तरिक सुरक्षामा कडाइ गर्दै इरान र लेबनानी समूह हिजबुल्लाहसँग सम्बन्धित कथित सञ्जालका कम्तीमा पाँच सदस्य पक्राउ गरेको जनाएको छ । सरकारी सञ्चारमाध्यमका अनुसार उक्त समूहमाथि बाह्य पक्षहरूसँग समन्वय गर्दै राष्ट्रिय अर्थतन्त्रमा घुसपैठ गर्ने योजना बनाएको आरोप लगाइएको छ ।

युद्धको केन्द्र इरान र इजरायलबिच प्रत्यक्ष टकरावमा केन्द्रित देखिन्छ । इजरायली सेनाले इरानबाट क्षेप्यास्त्र प्रहार भएपछि तेहरानभरि सैन्य तथा रणनीतिक पूर्वाधार लक्षित गर्दै आक्रमणको शृङ्खला



सुरु गरेको जनाएको छ । यसैक्रममा जेरुसेलममा पनि राति मिसाइल आक्रमणको चेतावनीसँगै शक्तिशाली विस्फोटहरू सुनिएको एएफपीका पत्रकारहरूले उल्लेख गरेका छन् । आपत्कालीन सेवाका अनुसार मानवीय क्षति नभए पनि विभिन्न स्थानमा भौतिक क्षति पुगेको छ ।

ऊर्जा क्षेत्रमा पनि युद्धको प्रभाव स्पष्ट देखिएको छ । कतारका ऊर्जामन्त्री साद सेरिदा अल-काबीले ऊर्जा संरचनामा भएको आक्रमणका कारण तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) निर्यात क्षमता १७ प्रतिशतले घट्ने र पूर्ण मर्मतमा तीनदेखि पाँच वर्ष लाग्ने बताउनुभयो । उहाँले दीर्घकालीन आपूर्ति सम्झौताहरूमा पाँच वर्षसम्म 'फोर्स मेज्युअर' लागू गर्नुपर्ने अवस्था आउन सक्ने सङ्केत गर्नुभयो ।

क्षेत्रीय तनावले अन्तर्राष्ट्रिय समुद्री मार्गमा समेत जोखिम बढाएको छ । नेतान्याहुले इरानले स्ट्रेट अफ होर्मुज बन्द गरेर विश्वलाई दबाबमा पार्ने प्रयास गरिरहेको आरोप लगाउँदै यस्तो प्रयास असफल हुने दाबी गर्नुभयो । यसै सन्दर्भमा फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले होर्मुज क्षेत्रमा सुरक्षित नेभिगेसन सुनिश्चित गर्न संयुक्त राष्ट्रसङ्घको संरचना स्थापना गर्ने विषयमा सुरक्षा परिषद्का स्थायी सदस्यहरूसँग छलफल गर्ने योजना अघि बढाइएको जानकारी दिनुभयो ।

युद्धको असर युरोपसम्म पुगेको छ । युरोपेली सङ्घ (इयु) का नेताहरूले सन् २०१५ जस्तै आप्रवासन सङ्कट दोहोरिन सक्ने चिन्ताबिच अनियन्त्रित आप्रवासी आवागमन रोक्न कूटनीतिक, कानुनी, परिचालन र आर्थिक सबै संयन्त्र पूर्ण रूपमा परिचालन गर्ने प्रतिबद्धता जनाएका छन्  लेबनानतर्फ पनि तनाव कम भएको छैन । राष्ट्रपति जोसेफ आउनले इजरायल र हिजबुल्लाहबिच युद्धविराम र वार्ता सुरु गर्न पुनः आह्वान गर्नुभएको छ । लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार हालसम्म ७९ महिला, ११८ बालबालिका र ४० स्वास्थ्यकर्मीसहित एक हजार एक जनाको मृत्यु भइसकेको छ भने दुई हजार ५८४ जना घाइते भएका छन् ।

युद्धको अन्तर्राष्ट्रिय आयाम झन् स्पष्ट हुँदै गएको छ । इरानले जर्मनीसँग रामस्टेनस्थित अमेरिकी एयरबेसको भूमिकाबारे स्पष्टीकरण मागेको छ । जर्मनीका लागि तेहरानका राजदूतले उक्त आधारको भूमिका स्पष्ट नभएको बताउनुभएको छ । यद्यपि, अमेरिकी राष्ट्रपति ट्रम्पले अमेरिकी स्थल सेना परिचालनबारे कुनै स्पष्ट योजना नरहेको सङ्केत गर्दै यस विषयमा खुलासा गर्न नचाहेको बताए ।

यसरी मध्यपूर्वमा जारी द्वन्द्व केवल क्षेत्रीय सीमामा सीमित नरही ऊर्जा, सुरक्षा, आप्रवासन र अन्तर्राष्ट्रिय कूटनीतिमा गहिरो प्रभाव पार्दै विश्वव्यापी चासोको केन्द्र बन्न पुगेको छ ।

# संयुक्त राष्ट्रसङ्घद्वारा मध्यपूर्वमा तनाव कम गर्न आह्वान

ब्रसेल्स(बेल्जियम), ६ चैत ( एएनआई) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अमेरिका र इजरायललाई कडा चेतावनी दिँदै मध्यपूर्वमा व्याप्त द्वन्द्वको तुरुन्तै अन्त्य गर्न आग्रह गर्नुभएको छ ।

सामाजिक सञ्जाल एक्समा गुटेरेसले सन्देश प्रवाह गर्दै संयुक्त राज्य अमेरिका र इजरायललाई यो युद्ध अन्त्य गर्ने उत्तम समय भएको बताउनुभएको छ । जुन नियन्त्रणबाट बाहिर निस्कने जोखिम उठाउँदै छ । युद्धले विश्वव्यापी अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्दै कम विकसित देशहरूका लागि दुखद परिणाम निम्त्याइरहेको उहाँले बताउनुभएको छ ।

यसैगरी इरानलाई आफ्ना छिमेकीहरू माथिको आक्रमण गर्न बन्द गर्न आह्वान गर्दै, तिनीहरू कहिल्यै द्वन्द्वमा सहभागी नभएको उहाँले बताउनुभएको छ । सुरक्षा परिषद्ले यी आक्रमणहरूको निन्दा गर्दै तत्काल रोक्न आदेश दिएको छ ।

होर्मुजको जलमार्ग लामो समयसम्म बन्द हुँदा संसारभरका मानिसहरूका लागि ठूलो पीडा हुने बताउदै परिषद्ले यसको द्वन्द्वसँग कुनै सम्बन्ध नरहेको जनाउँदै स्ट्रेट अफ होर्मुज खोल्ने आदेश दिएको छ । परिषदले कानूनले बलमाथि प्रभुत्व जमाउने समय भएको जनाउदै यसले यो युद्धमाथि कुटनीतिको विजय हुने समय भएको जनाएको छ ।

गुटेरेसको टिप्पणी हालै क्षेत्रीय पूर्वाधारलाई लक्षित गरी इरानी आक्रमणको प्रतिक्रियामा आएको छ । जसले मध्यपूर्वमा तनाव बढाउनुका साथै विश्वव्यापी ऊर्जा आपूर्तिमा चिन्ता बढाएको छ ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले पनि तत्काल द्वन्द्व समाधानको आवश्यकतामा जोड दिँदै सामाजिक सञ्जाल एक्समा मध्यपूर्वमा स्थिरता पुनर्स्थापना गर्न ठोस शान्ति योजना ल्याउनु पर्ने बताउनुभएको छ ।

यसैबिच बेलायती प्रधानमन्त्री कीर स्टारमरले कतारी ग्यास सुविधामा भएको इरानी आक्रमणको निन्दा गर्नुभएको छ ।

विश्वव्यापी रूपमा नेताहरूको द्वन्द्वलाई अझ बढ्नबाट रोक्न र व्यापक मानवीय र आर्थिक सङ्कटहरू सिर्जना नगर्न र संयम भई स्वतन्त्रताको पुनर्स्थापना र तत्काल कूटनीतिक तथा ठोस शान्ति प्रक्रिको आह्वानको लागि अनुरोध गरेका छन् ।

## सङ्क्षिप्त समाचार

# अस्ट्रेलियाको तेल सुरक्षा रणनीति घरेलु कारखाना अनुदानमा संशोधन

क्यानबेरा,६ चैत (सिन्ह्वा) । अष्ट्रेलियाली सरकारले देशका दुई बाँकी तेल प्रशोधन कारखानाहरूलाई अनुदान जारी राख्ने समझदारी गरेको ऊर्जामन्त्री क्रिस बोवेनले शुक्रबार घोषणा गर्नुभएको छ ।

बोवेनका अनुसार, सरकारले र कारखानाका सञ्चालकहरूले इन्धन सुरक्षा सेवा भुक्तानीमा संशोधन गर्ने सम्झौता गर्नुभयो । यसअन्तर्गत तेलको मूल्य सञ्चालन लागत पूरा नगरेको अवस्थामा सरकारले कारखानाहरूलाई भुक्तानी दिनेछ ।

मेलबोर्नको पश्चिम-दक्षिणी क्षेत्र जियालोङमा रहेको भिभा एनर्जीको कारखाना र ब्रिसबेनस्थित एम्पोलको कारखानाले २०२५ मा अष्ट्रेलियाको पेट्रोल, डिजेल र जेट इन्धन आवश्यकताको करिब २० प्रतिशत उत्पादन गरेका थिए ।

बोवेनले भुक्तानीको सीमा १.८ सेन्ट प्रति लिटर कायम रहनेछ, तर भुक्तानी सुरु हुने मूल्य स्तर तल झारिने गरी संयन्त्र समायोजन गरिने बताउनुभएको छ ।

बदलामा, भिभा र एम्पोलले २०३० दशकसम्म आफ्नो कारखाना सञ्चालन गर्ने योजना अघि बढाइरहेका छन् । बोवेनले थप्नुभयो, "एम्पोलले पूर्ण उत्पादन कायम राख्ने र अन्तर्राष्ट्रिय आपूर्ति श्रृङ्खलामा दबाब भइरहँदा पूर्वनिर्धारित मर्मत कार्य स्थगित गरेर उत्पादन बढाउने विश्वास जनाएको छ ।"

यो घोषणा मध्यपूर्वको द्वन्द्वका कारण विश्वव्यापी तेल आपूर्तिमा ठूलो अवरोध सिर्जना भएको समयमा आएको हो । बोवेनले सरकारले विगत छ महिनादेखि भिभा र एम्पोलसँग वार्ता गर्दै आएको छ र हालको अवस्थामा छोटो अवधिको घरेलु इन्धन आपूर्ति सुनिश्चित गर्न थप कदम चाल्न आवश्यक नभएको बताउनुभयो । तर यदि युद्ध अप्रिल र मेसम्म जारी रह्यो भने आपत्कालीन योजना तयार राखिएको छ ।

# श्रीलङ्काको अर्थतन्त्र स्थिर, तर बाह्य जोखिम बढ्दो

कोलम्बो, ६ चैत (सिन्ह्वा) । श्रीलङ्काको अर्थतन्त्र हाल स्थिर रहेको भए पनि मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वका कारण व्यापार, वैदेशिक रोजगारबाट आउने रकम (रेमिट्यान्स) र पर्यटन क्षेत्रमा असर पर्न सक्ने भएकाले भविष्यप्रति जोखिम रहेको एक अन्तर्राष्ट्रिय मुद्रा कोषका वरिष्ठ अधिकारीले बताएका छन् ।

पत्रकार सम्मेलनमा बोल्दै सञ्चार विभागकी निर्देशक जुली कोज्याकले श्रीलङ्काको सुधार कार्यक्रमले चक्रवात डिटवाहको प्रभावका बाबजुद उल्लेखनीय प्रगति गरेको बताउनुभयो ।

उहाँका अनुसार सन् २०२५ मा श्रीलङ्काको अर्थतन्त्र ५ प्रतिशतले वृद्धि भएको थियो भने सन् २०२६ को फेब्रुअरीमा मुद्रास्फीति करिब १.६ प्रतिशत रहेको छ । साथै, देशको ऋण पुनर्संरचना लगभग पूरा भइसकेको र वैदेशिक मुद्रा सञ्चिति पनि उल्लेखनीय रूपमा बढेको उनले जानकारी दिनुभयो ।

उहाँले आगामी मार्च १२ देखि चैत २६ सम्म एक टोली श्रीलङ्काको भ्रमणमा जाने र आर्थिक नीतिबारे छलफल गर्ने बताउनुभयो । उक्त भ्रमणको उद्देश्य विस्तारित कोष सुविधा कार्यक्रमअन्तर्गत पाँचौं र छैटौं समीक्षा पूरा गर्नुरहेको छ ।

साथै, उक्त टोलीले श्रीलङ्काली अधिकारीहरूसँग भेटघाट गरी मध्यपूर्व द्वन्द्वको सम्भावित आर्थिक प्रभावबारे थप जानकारी लिने र भविष्यमा सहयोग कसरी जारी राख्ने भन्ने विषयमा अद्यावधिक मूल्याङ्कन प्रस्तुत गर्ने बताइएको छ ।

# बेलायतमा बेरोजगारी ५ वर्षकै उच्च, ५.२ प्रतिशत पुग्यो

लन्डन,६ चैत (सिन्ह्वा) । बेलायतमा बेरोजगारी दर पछिल्ला पाँच वर्षकै उच्च स्तरमा पुगेको छ । सन् २०२५ नोभेम्बरदेखि सन् २०२६ जनवरीसम्मको अवधिमा बेरोजगारी दर ५ दशमलव २ प्रतिशत पुगेको तथ्याङ्क सार्वजनिक भएको छ, जसले श्रम बजारमा दबाब बढ्दै गएको सङ्केत गर्दछ ।

विशेषगरी १८ देखि २४ वर्ष उमेर समूहका युवामा बेरोजगारी दर १४ प्रतिशत पुगेकाले समग्र बेरोजगारी बढ्न मुख्य भूमिका खेलेको देखिन्छ । यसले युवा रोजगारीको अवस्था चिन्ताजनक रहेको देखाउँछ ।

यसै अवधिमा कर्मचारीहरूको औसत आम्दानी (बोनससहित) ३ दशमलव ९ प्रतिशतले बढे पनि मुद्रास्फीति समायोजन गर्दा वास्तविक आम्दानी वृद्धि मात्र शून्य दशमलव ७ प्रतिशत रहेको छ । साथै, नियमित तलब वृद्धि दर पनि पछिल्ला पाँच वर्षकै न्यून स्तरमा झरेको छ, जसले नागरिकको क्रयशक्ति कमजोर हुँदै गएको सङ्केत गर्छ ।

रोजगारीको अवस्थालाई हेर्दा, एक वर्षमा तलब पाउने कर्मचारीको सङ्ख्या करिब १ लाख ९ हजारले घटेको छ भने पछिल्लो त्रैमासिक अवधिमा मात्रै ३१ हजारले कमी आएको छ । यसले रोजगारका अवसरहरू घट्दै गएको देखाउँछ ।

विशेषज्ञहरूका अनुसार श्रम लागत वृद्धि, कृत्रिम बुद्धिमत्ताजस्ता प्रविधिको तीव्र विस्तार तथा मध्यपूर्वमा जारी द्वन्द्वका कारण सिर्जिएको आर्थिक अनिश्चितताले श्रम बजारमा थप असर पार्न सक्छ । यही कारणले चालु वर्षभर बेरोजगारी दर बढेर ५ दशमलव ५ प्रतिशतसम्म पुग्न सक्ने अनुमान गरिएको छ ।

हास्यव्यङ्ग्य

# पार्टी प्यालेसको खोजी : रित्तिँदो गोजी

✍ इकुश्रे

विवाहको लगन सुरु हुनासाथ हाम्रो समाजमा एउटा यस्तो अनौठो र निसासिँदो सरगरमी बढ्छ, मानौँ कुनै ठुलो युद्धको सैन्य तयारी भइरहेको छ । तर, यो युद्ध सीमा रक्षा वा राष्ट्रिय स्वाभिमानका लागि होइन, छिमेकीको आँखा तिरमिराउने गरी 'इज्जत' को झूटो झन्डा गाड्नका लागि हो । विशेषगरी 'पार्टी प्यालेस' नामक ती आधुनिक कुरुक्षेत्रहरू अचेल यस्ता थलो बनेका छन्, जहाँ मानिसहरू नव-दम्पतीलाई आशीर्वाद दिन होइन, मेनु कार्डको अनुसन्धान गर्न र क्याटरिङको पनीरमा कति प्रतिशत रबर मिसिएको छ भनेर प्रयोगशाला परीक्षण गर्न पुग्छन् । गेटमा उभिएका दुलहा-दुलहीलाई देख्दा लाग्छ, उनीहरू कुनै अन्तरिक्ष मिसनबाट भर्खरै धर्तीमा ओर्लिएका हुन् । अनुहारमा दलिएको 'डेढ इन्च' बाक्लो फाको फाउन्डेसनका कारण आफ्नै काका-काकीले पनि चिन्न नसकेर "ए बाबु, हाम्रो दुलहा कुन चाहिँ हो ?" भनेर सोध्नुपर्ने स्थिति बन्छ ।

'पार्टी प्यालेस' संस्कृतिको पहिलो र सबैभन्दा टड्कारो पक्ष भनेको अनावश्यक खर्चको त्यो अभेद्य पहाड हो, जसको फेदमा मध्यमवर्गीय सपनाहरू थिचिएर अकालमै मर्छन् । छोरीको खुसी र भविष्यभन्दा बढी 'डेकोरेसन' का प्लास्टिकका फूल र लाइटको चम्काइमा ध्यान दिइन्छ । जीवनभरको कमाइ र अलिअलि भएको पैतृक सम्पत्तिसमेत धितो राखेर एकै रातमा सयौँ मानिसलाई 'अनलिमिटेड' सोमरस र चिचीपापाको खोलो बगाउनुलाई उच्च स्तरको इज्जत र बुद्धिमानी ठानिन्छ । यो त एउटा यस्तो अदृश्य र असीमित लगानी हो, जसको 'रिटर्न' मा भोलिपल्ट बिहान रित्तो ग्यास सिलिन्डर, जुठो प्लेटको चाङ र बैङ्कको ऋणको किस्तामात्र बाँकी रहन्छ । कसैकसैले भन्लान्, "सहरका यी चिल्ला महलहरूमा गरिने फजुल खर्चले एउटा नवविवाहित जोडीको भविष्यको दरिलो जग बसाल्न सकिन्थ्यो !" तर, हामीलाई त्यस्ता भविष्यका कुरातिर ध्यानै रहँदैन । यहाँ त आजका आजै, एक छाकमात्र भए पनि सयौँ इष्टमित्रलाई अघाउँजी खुवाउनु छ, उनीहरूको वाहवाही लुट्नु छ - चाहे त्यो ऋण तिर्न अर्को दशक परदेशको तातो मरुभूमिमै जानु परोस् वा आफूले आधै पेट खानु परोस् ।

पार्टी प्यालेसको यो प्रहसनमा आर्थिक भार मात्र छैन, यो त एउटा छुट्टै किसिमको 'फेसन-प्रदर्शनी' गर्ने थलो पनि भएको छ । त्यहाँ जानका लागि सामान्य पहिरनले पुग्दै पुग्दैन, हुँदै हुँदैन । श्रीमतीलाई नयाँ साडी, श्रीमान्लाई ब्रान्डेड सुट र छोराछोरीलाई अत्याधुनिक 'डिजाइनर' पहिरन जुटाउँदा जुटाउँदै एउटा सानोतिनो बजेट त कपडा पसलमै स्वाहा हुन्छ । श्रीमतीलाई गहना, आफ्नो नभए उनकै साथीसँग माग्न लगाएर भए पनि झरिझुट्ट पारेरै पठाउनुपर्‍यो । *(फ्रान्सेली कथाकार मोपासाको हिराको हार कथामा बताइए जस्तै यहाँ पनि लाउनुपर्नेले गहना नलाई गएमा साराको जित र आफ्नो हार भएजस्तो हुन्छ ।)* ब्युटी पार्लरमा घण्टौँ बिताएर र हजारौँ सिध्याएर अनुहारमा लगाइएको त्यो 'पुटिन' र रङ्गले मान्छे चिन्नै नसकिने गरी कृत्रिम बन्छ । बाहिर निस्कँदा पानी पर्ला कि भन्ने डर, पसिना आएर लाली पाउडर लतपतिएला कि भन्ने चिन्ता, हावा चलेर कपाल बिगारिदिएला कि भन्ने पिर । मानौँ, हामी विवाहको उत्सव होइन, कुनै राष्ट्रिय स्तरको सौन्दर्य प्रतियोगितामा भाग लिन बडो होसियारीका साथ जाँदै छौँ ।

भोजको रमिता त झन् भोजनस्थलतिर पसेपछि चरमोत्कर्षमा पुग्छ । 'स्न्याक्स' मा पुग्दा, 'नि:शुल्क' को सुरा पाएपछि कसले छोड्ने ? कहिल्यै नपिएकाहरूले पनि चाखेर अभ्यास गर्ने नै भए । पार्टी प्यालेसमा आयोजित भोजमा गएको मान्छे, केही रातोपिरो पनि त हुनुपर्‍यो नि ! बिस्तारै, मुख बिगार्दै भए पनि लिँदै गएपछि जब नशाले मस्तिष्कको 'ब्रेक' फेल गरिदिन्छ, तब सुरु हुन्छ मारुनी र डिस्कोको विचित्र फ्युजन । रक्सीको तालमा नाच्दानाच्दै कतिपय महिलाहरू आफ्नै लामो सारीको फेरोमा अल्झिएर मार्बलको चिप्लो भुइँमा पछारिएको दृश्य देख्नु त अचेल सामान्यजस्तै भइसक्यो । पछारिँदाको शारीरिक पीडा एकातिर भए पनि मेकअप बिग्रिएको र इज्जत गएको पिरले उनीहरूलाई बढी पोल्छ । पुरुषहरूको हालत त झन् दयनीय हुन्छ । 'फिटिङ' देखिने लोभमा लगाइएका ती टाइट पाइन्टहरू नाच्दानाच्दै बिचैमा 'ब्याकफायर' भएर उधिन्छन् । पाइन्ट उधिएको पत्तो नपाई 'कम्मर मर्काई मर्काई' नाच्ने ती पात्रहरू भोलिपल्ट बिहान सामाजिक सञ्जालमा आफ्नो भिडियो देख्दा लाजले लुक्नुपर्ने स्थिति आउँछ ।



खानाबिना संसारमा कोही पनि बाँच्दैन । 'पार्टी प्यालेस' जानु भनेकै खानका लागि हो । तर, यस्तो लाग्छ : त्यहाँको भान्छामा एकपटक छिर्ने हिम्मत गर्ने हो भने सचेत मान्छेले जीवनभरका लागि उपवास बस्ने निर्णय गर्न सक्छ । पुरीमा लचेप्रै तेलैतेल । तरकारीमा अजिनोमोटोको कडा स्वाद । साग सेलाएर हरियै भइसकेको । मिक्स अचारमा फिक्स स्वाद नै नभएको । पुलाउमा मन भुलाऊँ न भन्दा पनि त्यसको कडापनले खडा उभिन पनि मन नलाग्ने । अर्कैको खटन भएको मटन पनि दाल भएको । रोस्ट चिकेन काँचै । कहिलेकाहीँ लाग्छ - त्यत्तिका परिकार किन पकाएको होला ! सबैको पेट एउटै त हुन्छ । तर, यो कुरा कसले सोच्छ र ! आफ्नो पो एउटा पेट । "पार्टी प्यालेसमा जानु छ, घरमा के खाना पकाइराख्नु" भनेर कतिले त सित्तैमा खान पाइने लोभमा आफ्ना जुम्ल्याहा, बर्स्याउनीका सबै सन्तान डोर्‍याउँदै, बोक्दै र रुवाउँदै भए पनि लगेका हुन्छन् ।

धेरै खान, घरमा नखाई गएकालाई पालो आउन्जेल भोकले पेट पोलिसकेको हुन्छ । रातको १०/११ बजे चिसो भइसकेको १४ थोकको खाद्य परिकार भोकको सुरमा हर्‍याङहुरुङ खाँदै गर्दा पेट क्रमशः बेलुनमा हावा भरेजस्तो हुन थाल्छ । तर, पनि अन्त्यमा दही, रसभरी, आइसक्रिम पनि छोड्ने कुरै आएन । यसरी भोज खाएर फर्किएका निम्तालुहरू भोलिपल्ट 'मुड इन्जोइङ' को बदला 'फुड पोइजनिङ' को उपहार बोकेर अस्पतालका बेडहरूमा भेटिन थाल्छन् ।

यसैगरी, विवाहमा देखिने 'खाम-राजनीति' र दक्षिणाको बोझले एउटा छुट्टै पीडा सिर्जना गरेको छ । निम्तो कार्ड पाउनु अचेल खुसीको खबर होइन, घरायसी बजेटमा आएको अप्रत्याशित 'घाटा' को सूचनाजस्तो भएको छ । दुलहा-दुलहीको निधारमा टीका लगाउनु त बहानामात्र हो, मुख्य ध्येय त त्यो खाममा कति रकम हाल्ने भन्ने नै हुन्छ । खाम तुरुन्तै खोलिने होइन । त्यसैले, खानको लोभी र दिनको लोभी कतिपयले त रित्तो खाम पनि दिन्छन् रे ! कति जना हुलमुलमा यसो पसेर निस्की अरूलाई, पैसा दिएको ठनाउँछन् । दिनेमध्ये धेरैले सयपचासको नोट दिने हुन् । कोही कोही मनकारीले ५०० को नोट पनि हाल्दा हुन् । नत्र, खाममा नोट हाल्नुभन्दा लोभ गरेर बढी खानेकुरा फाल्नुमा रमाउने नै धेरै पाइन्छन् ।

अन्त्यमा, पार्टी प्यालेसको यो कुरुक्षेत्रबाट जब मानिसहरू युद्ध जितेर फर्किएझैँ बाहिरिन्छन्, तब असली 'साइड इफेक्ट' सुरु हुन्छ । घर पुग्नेबित्तिकै श्रीमतीजी ऐना हेरेर रुन थाल्छिन्, "लौ न, त्यो महँगो लाली र पाउडर त पसिनाले बगाएर म त बिरूप पो देखिएकी रहिछु त ! कसैले पनि किन नभनेको !" उता श्रीमान्को हालत झन् बेहाल हुन्छ । डान्स गर्दा कम्मर मर्किएर 'बाथ' बल्झिएको छ, तर त्योभन्दा बढी पीडा त गोजीमा रहेको पर्सले दिइरहेको हुन्छ, जुन अहिले भोको पेटजस्तै सुकिसकेको छ ।

भोलिपल्ट बिहानको दृश्य झन् रोचक हुन्छ । घरका सबै सदस्य पालैपालो शौचालयको ढोका ढकढक्याउँदै "ए कति बेर लागेको हँ ? मलाई यहाँ इमर्जेन्सी भइसक्यो !" भन्दै छटपटाइरहेका हुन्छन् । अघिल्लो रातको त्यो 'अखाद्य' तेल र रङ्गीचङ्गी पनीरले पेटभित्र 'ताण्डव नृत्य' सुरु गरिसकेको हुन्छ । यसरी पार्टी प्यालेसको त्यो एक रातको 'इज्जत' जोगाउने सङ्घर्षले निम्तालुलाई शौचालयको चक्कर र आयोजकलाई बैङ्कको 'कालो सूची' को नजिक पुर्‍याउँछ ।

त्यसैले साथीहरू, अर्को पटक कसैको विवाहको कार्ड आयो भने 'खुसी' हुनुभन्दा पहिले आफ्नो 'ग्यास्ट्रिक' को औषधि र बैङ्कको ब्यालेन्स चेक गर्न नबिर्सनुहोला । नत्र, भोजको स्वादले जिब्रो त रमाउला, तर भोलिपल्टको 'रियाक्सन' ले जिन्दगी नै 'ह्याङओभर' मा पर्न सक्छ । बरु, हरिया मकै उसिनेर टिम्मुर हालेको नुनखोर्सानीसँग खाई हलुका पेटले ढुक्कले सुत्नु नै 'परम आनन्द' हो, कम्तीमा अर्को महिनाको रासन त जोगिन्छ !

कविता

## जनताले बुझ्ने कहिले हो ?

✍ स्नेह

देशका कुन कुन सांसदहरू
शुभलाभका मतियार हुन् ?
जुवाखालका सञ्चालक हुन् ?
हत्यारा र सहकारी ठग हुन् ?
आईआरआईका उत्पादन हुन् ?
नेपालका त्यस्ता को को हुन् ?
जनताले बुझ्ने कहिले हो ?

२०८२ चैत ६

## बा मलाई माफ गरिदेऊ

✍ साहिँला

बा मलाई माफ गरिदेऊ
साथीभाइको लहैलहैमा लागेँ म
सामाजिक सञ्जालमा भुलेँ म
सुत्दानी मोबाइल
उठ्दानी मोबाइल
खाना खान्दानी मोबाइल
एकान्त कोठामा बसी चलाउँछु
मोबाइल
मेरो दिमागमा नै मोबाइल !

बा मलाई माफ गरिदेऊ
भदौ २३/२४ को घटनाकै यादले
पुराना पुराना भन्दा भन्दै
नयाँको हल्लैहल्लामा फसेँ
मेरा पथप्रदर्शक गुरूहरूलाई बिर्सेँ
मेरा बुबालाइ बिर्सेँ
देश र जनताको नि:स्वार्थ
सेवा गर्ने सिद्धान्त, विचार नै
त्यागेँ !

बा मलाई माफ गरिदेऊ
सिद्धान्त र विचारबिनाको
हुलहुज्जतमा फसेँ म
बाजे, बज्यै, आमा, दिदीलाई
कर जोर गरेँ हठी दिएँ
बालाई नभन्नु यो बेला भनी
बुबाको आदर्शलाई कुनामा थन्क्याएँ
अदृश्य परिवर्तन चाहेर ।

बा मलाई माफ गरिदेऊ
दूध पोखरी बनाउने कथाझैँ
हाम्रो परिवारको २/४ जनाले
केही फरक नपर्ला भनी
जबरजस्ती गरिछाडेँ ।
बा मलाई माफ गरिदेऊ
बुबाको सङ्घर्षशील भावना
उहाँको त्याग, तपस्या र योगदान
बिर्सेँ
नयाँ नयाँ भन्दै साम्राज्यवादका
कठपुतली रोजेँ
भ्रष्टाचारीहरूलाई साथ दिएँ
हत्यारा बलात्कारीलाई काँध थापेँ
आज पश्चिमा हावाहुरीसँगै
बाँढीले झैँ बगाउँदै लगे ।

बा मलाई माफ गरिदेऊ
आजको परिणामले मलाई
पश्चातापको आगोले पोल्दै छ
आफ्नै बुबा अगाडि बस्न डराउँदै
छु
रातमा निदाउन सकिनँ
खाना खान रूच्दैन
पढ्न बसे ध्यान जाँदैन
सत्य सेवाका अग्रणी बुबाले
अँगाल्छ कि अँगाल्दैन भनेर सोचिरहन्छु ।

बा मलाई माफ गरिदेऊ
कोटी कोटी बिन्ती गर्छु बा
बाटो बिराएको छोरालाई
सही बाटोमा दोहोर्‍याउनुस् बा
म पनि तपाईंजस्तै देशभक्त
जनसेवी बन्न चाहन्छु
मेरो मनको आँखा खुलेको छ बा
बा मलाई माफ गरिदेऊ ।

## सार्थकताको सारथी, मादल

✍ शम्भु प्रजापति

*मादल,*
*तिमीले आफ्नो गालामा परेको चड्कनलाई नै*
*कर्णप्रिय तालमा ढाल्नुलाई आफ्नो जिम्मेवारी मान्यौ*
*आफूमाथि आइपरेको दबाब र प्रहारलाई नै*
*जागरणको कम्पनमा प्रस्फुटित हुने प्रेरणा ठान्यौ*
*टोल गाउँघरमा स्वाभिमान, मौलिकताको सन्देश घन्काउँदै*
*दुनियाँ खुसीले नाचेको देखेर आफ्नो थकान सबै भुल्यौ*

*आफ्नो लागि तिमीले कहिल्यै केही जोहो गरेनौ*
*आफ्नो योगदान र तपस्याको कुनै मूल्य मागेनौ*
*ठुला र बाठाहरूका अगाडि लम्पसार पर्न जानेनौ*
*निमुखा निर्धाहरूको अभिव्यक्तिको माध्यम बन्न छाडेनौ*

*तिमी इमानदारिता र निर्भिकताको नक्षत्र हौ*
*तिमी परनिर्भरता र दलालीको विपरीत ध्रुव हौ*
*नि:स्वार्थ सेवा र समर्पणको सम्पदा हौ*
*नैतिकतता र सदाचारको धरोहर हौ*

*दिनरात घामपानी नभनी नि:स्वार्थपूर्वक खटिएर*
*जनताको दु:खसुखमा अटुट साथ निभाएर*
*जनसंस्कृतिको अभिन्न अङ्ग बनिसक्यौ*
*मन-मनमा कहिल्यै नमेटिने छाप छोडिसक्यौ*

*नयाँ तडकभडक र कोलाहलका बिच*
*तिम्रो घन्काइ केही दबिएको भान हुनसक्छ*
*निहित स्वार्थ पूरा गर्न नपाएकाहरूको कानमा*
*तिम्रो सिद्धि पुरानो र तानाशाही सुनिन सक्छ*

*तर, तिमी सदाझैँ सार्थकताको सारथी बनिरहनु*
*जनताको हृदयको धड्कन बनी सर्वत्र गुन्जिरहनु*
*तिम्रो इतिहास कसैले मेट्न चाहेर मेटिँदैन*
*तिम्रो आन्दोलन कसैले छेक्न खोजेर छेकिँदैन ॥*

## उल्टो गङ्गा

✍ सत्य सुवाल (व्यङ्ग्य कविता)

अचम्मको सहर छ यो, अचम्मकै छन् यहाँका कुरा,
भान्छामा आगो बल्दैन, तर भाषणमा छन् सपनाका पोका ।

सुनको भाउ घटोस् रे यसरी, कि गल्लीमा कराउनु परोस्,
तरकारी जस्तै डोकोमा बोकी, घर-दैलो चहार्नु परोस् ।

कल्पना त मीठो हो, तर यथार्थ अलि टर्रो छ,
बजारमा सामान त टन्नै छ, तर जनताको खल्ती रित्तो छ ।

किसानको पसिना सडकमा पोखिन्छ, मूल्य नपाएर,
व्यापारी भने मोटाउँछन् सधैँ, बिचौलिया बनेर ।

सहकारीमा बचत डुब्यो, बैङ्कको ब्याजले ढाड सेक्यो,
गरिबको चुल्हो निभ्दा पनि, कसले यहाँ पीडा देख्यो ?

रेमिट्यान्सको लौरो टेकेर, कतिञ्जेल यो देश उभिन्छ ?
युवा शक्ति विदेश पठाएर, यहाँ कसको भविष्य बुनिन्छ ?

कागजमा अर्थतन्त्र सप्रियो भन्छन्, तथ्याङ्कको खेलमा,
तर सर्वसाधारण पिल्सिएका छन्, अभावकै झेलमा ।

महँगीले आकाश छुन्छ, आम्दानी भने पातालमा,
हुनेलाई त स्वर्गै छ यहाँ, नहुनेलाई सधैँ सकसकै जालमा ।

सुन त विलासिता हो हजुर, यहाँ त नुनकै चिन्ता छ,
गरिबको थाप्लोमा सधैँ, विदेशी ऋणकै किस्ता छ ।

यस्तै हो भने भोलि, सामान त के मान्छे नै सस्तो होला,
आफ्नै माटोमा भविष्य नदेखी, युवाको लस्कर फेरि विदेशै मोडिइरला ।

लघु कथा

## ज्येष्ठ नागरिक सम्मान

✍ सुमन

फरक टोलका परिचित दुईजना युवा साथी आफ्ना छोराछोरीलाई विद्यालय पुर्‍याउन सँगै जाँदै थिए । बाटोमा दुवै साथी आफ्ना छोराछोरीको पढाइ र संस्कारका बारेमा छलफल गर्दै गइरहेका थिए । पढाइ र संस्कारको कुरा आउनासाथ एक युवा साथीले भने, "मेरा छोराछोरीले त विद्यालयबाट राम्रो पढाइ र संस्कार सिकेर आएका रहेछन् । उनीहरू सबेरै उठ्छन् । आफ्नो कोठा, घर र आँगन सफा गर्छन् । हामीलाई सम्मानका साथ चिया दिएर पढ्न कोठातिर जान्छन् । एक दुइटा पत्रपत्रिका, पुस्तक पढ्ने बानी भएकाले उनीहरू त्यसका बारेमा जिज्ञासा राख्छन् । कहिलेकाहीँ आमालाई भान्छामा सघाउँछन् । छिमेक र बाटामा गरिब, बिरामी, अशक्त ज्येष्ठ नागरिकलाई सघाउने गर्दछन् ।"

अर्का युवा साथीले साथीका सन्तानका पढाइ र संस्कारप्रति गर्व गर्दै भने, "यो भनेको तेल के हेर्नु तेलको धारा हेर्नु, छोरा के हेर्नु छोराको सङ्गत हेर्नु भनेझैँ हाम्रो घरको संस्कार, विद्यालयका शिक्षक-शिक्षकाहरूको नि:स्वार्थ सोच, संस्कार र देशभक्ति आचरणमा भर पर्छ । मलाई त एउटा विद्यालयले यस्तै सोच र भावनाअनुसार टोलका ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्दै छन् भन्ने कुरा सुन्दा खुसी लाग्यो । भोलि हामी पनि ज्येष्ठ नागरिक हुनेछौँ । यसलाई अरु विद्यालय, स्थानीय पालिकाले पनि अनुशरण गरे समाज र देशको सेवा हुनेछ । कुरा सुन्नु बुढाको आगो टाप्नु मुढाको भन्ने उखान नै छ । उहाँहरूको जीवनमा आर्जेको सोच, विचार, सीप, अनुभवअनुसार युवाहरूले देशको कला, संस्कृति, सम्पदाको संरक्षण र निर्माण, शिक्षा, स्वास्थ्य, सरसफाइ, कृषि, उद्योग, यातायात आदिको विकास गरेका छन् । त्यसैले, उहाँहरू जिउँदा देवता हुन् । उहाँहरूको अनुभव र योगदानलाई पुस्तकको रूप दिनसके उहाँहरूलाई पुजेको सरह हुनेछ ।

लौ साथी विद्यालय पनि पुग्यौँ । छोराछोरीलाई विद्यालयको जिम्मा लगाएर जानुपर्‍यो । हामी पनि समयमै काममा पुग्नुपर्छ भन्दै उनीहरू आ-आफ्नो कर्मस्थलतिर लागे ।

# इन्द्रायणी द्योछेँको धुरी पूजा सम्पन्न



भक्तपुर, ६ चैत । भक्तपुर नगरपालिका वडा नं. २ खौमास्थित ऐतिहासिक एवम् पुरातात्विक इन्द्रायणी द्योछेँ पुन:निर्माण कार्य सम्पन्न भई शुक्रबार परम्परागत विधिअनुसार लुखा पूजा, धुरी पूजा र अन्य पूजाहरू सम्पन्न भयो ।

समारोहमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उपभोक्ता समितिमार्फत जनताको साथ र सहयोगमा पुन:निर्माण भएको इन्द्रायणी द्योछेँप्रति स्थानीय जनताको अपनत्व रहने विश्वास व्यक्त गर्नुभयो ।

विदेशीको सहयोगबिना स्थानीय श्रम र साधनको उपयोग गरी यहाँका सम्पदा पुन:निर्माण हुनसक्ने उदाहरण पनि यसले दिएको प्रस्ट पार्दै उहाँले द्योछेँ पुन:निर्माण कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्णमा धन्यवादज्ञापन गर्नुभयो ।

इन्द्रायणी द्योछेँ पुन:निर्माण उपभोक्ता समितिका अध्यक्ष विनोदचरण रायले उपभोक्ता समितिमार्फत ३ करोड बराबरको लागतमा इन्द्रायणी द्योछेँ पुन:निर्माण कार्य सम्पन्न भएको र विभिन्न सङ्घ, संस्था गुठीलगायत स्थानीयबाट रु. ५२ लाख बराबरको आर्थिक सहयोग सङ्कलन हुनुका साथै द्योछेँ पुन:निर्माणको क्रममा सयौँ स्थानीयले जनश्रमदानसमेत गरेको जानकारी गराउनुभयो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको बजेटमा निर्माण भएको द्योछेँ पुन:निर्माणका सिकर्मी र डकर्मीलाई सम्मान गर्नुभएको थियो ।

# निर्वाचनबारे संवाद

✍ आयसाश्री

*(खड्काजी र थापाजी फरक पालिकाका भए पनि दुवै मोरङको एउटै कलेजमा पढ्छन् । कलेजको चिया पसलमा दुई जनाबिच फागुन २१ गतेको चुनावबारे छलफल हुन्छ ।)*

**खड्काजी** : जनताले चुनावमा शासक दलका उम्मेदवारलाई बुझेरै मत हालेका हुन् त ?

**थापाजी** : सबै विषय बुझेका भए उम्मेदवार नचिने पनि जनताले लहरमा मत हाल्दैनथे । नेपालका बुद्धिजीवीहरूसमेत लहरमा मत हाल्न पुगेको थप आश्चर्य हो ।

**खड्काजी** : चुनावमा मुनरो डक्ट्रिनबारे पनि चर्चा चल्यो । यो के हो त ?

**थापाजी** : संयुक्त राज्य अमेरिकाका पाँचौं राष्ट्रपति जेम्स मुनरोले ल्याटिन अमेरिकी देशहरू मेक्सिको, कोलोम्बिया, भेनेजुयला, अर्जेन्टिना, बोलिभिया, ब्राजिल, इक्वेडर, पाराग्वे, पेरु, उरुग्वे, चिली, क्युवालगायत देशलाई आफ्नो करेसाबारीजस्तै अर्थात् आफ्नो उपनिवेश ठानेका थिए । यसैलाई मुनरो डक्ट्रिन भनियो । संरा अमेरिकाको यो साम्राज्यवादी नीतिको संसारका न्यायप्रेमी जनताले विरोध गर्दै छन् ।

**खड्काजी** : चुनावमा मोदी डक्ट्रिनबारे चर्चा चलेको के हो त ?

**थापाजी** : भारतका प्रम मोदी पनि दक्षिण एसियाका देशहरूलाई आफ्नो करेसाबारी ठान्दै छन् । यसैलाई मोदी डक्ट्रिन भनियो । दक्षिण एसियाका न्यायप्रेमी जनता मोदीको यो हैकमवादको विरोध गर्दै छन् तर नेपालका शासक दलहरू समर्थनमा लागेको आश्चर्य हो ।

**खड्काजी** : बौद्ध दर्शनमा हरेक वस्तुलाई शङ्काले हेर्नुपर्ने उल्लेख भएको नेपालीले कसरी बुझेनन् ?

**थापाजी** : कतिपय बुद्धिजीवीहरू भारतीय रूपैयाँमा तलब खान पाउने भए देशै भारतमा गाभिए पनि फरक नपर्ने देशघाती तर्क राख्छन् । उनीहरू बौद्ध दर्शनलाई पनि खुर्पाको बीँडजस्तै ठान्छन् ।

**खड्काजी** : कसैले भन्दैमा त्यसको पछि लागेर मत हाल्न पुग्नु के आत्मघाती नै हो ?

**थापाजी** : आमाको दूध खान छाडेर अरुको दूध खानेहरू बलियो नहुने विज्ञानसिद्ध विषय हो । आफ्नो सानो स्वार्थको लागि मुनरो डक्ट्रिन र मोदी डक्ट्रिनको समर्थन गर्नेहरू आत्मघाती, देशघाती, अन्धविश्वासी सबै हुन् ।

**२०८२ चैत ६**

# मध्यपूर्व द्वन्द्वले विश्व व्यापारमा असर
# सन् २०२६ मा वृद्धि सुस्त हुने

जेनेभा, २० मार्च (सिन्ह्वा) । विश्व व्यापार सङ्गठनले सन् २०२५ मा अपेक्षाभन्दा राम्रो प्रदर्शनपछि सन् २०२६ मा विश्वव्यापी व्यापार वृद्धि सुस्त हुने जनाएको छ । सङ्गठनले जारी गरेको पछिल्लो प्रतिवेदनमा मध्यपूर्वमा जारी द्वन्द्वले विश्व व्यापारमा थप दबाब सिर्जना गर्न सक्ने चेतावनी दिएको छ ।

प्रतिवेदनअनुसार ऊर्जा मूल्यमा ठुलो झट्का नपरेको अवस्थामा वस्तु व्यापार वृद्धि सन् २०२५ को ४ दशमलव ६ प्रतिशतबाट घटेर सन् २०२६ मा १ दशमलव ९ प्रतिशतमा झर्ने अनुमान गरिएको छ । त्यसपछि सन् २०२७ मा यो वृद्धि पुन: २ दशमलव ६ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ ।

सेवा व्यापार वृद्धि सन् २०२६ मा ४ दशमलव ८ प्रतिशतमा सीमित हुने र सन् २०२७ मा ५ दशमलव १ प्रतिशतमा बढ्ने प्रक्षेपण गरिएको छ । समग्रमा वस्तु र सेवा व्यापार सन् २०२६ मा २ दशमलव ७ प्रतिशतले बढ्नेछ, जुन सन् २०२५ मा ४ दशमलव ७ प्रतिशत थियो ।

विश्व अर्थतन्त्रको वृद्धि पनि केही सुस्त हुने अनुमान गरिएको छ । सन् २०२५ को २ दशमलव ९ प्रतिशतबाट सन् २०२६ र २०२७ मा २ दशमलव ८ प्रतिशतमा सीमित रहने बताइएको छ ।

तर, मध्यपूर्वमा जारी द्वन्द्वले ऊर्जा बजारमा अवरोध पुऱ्याएमा यी अनुमानहरू अझ बिग्रन सक्ने चेतावनी दिइएको छ । द्वन्द्वका कारण विश्वव्यापी ढुवानी प्रभावित भएको, तेलको मूल्य तीव्र रूपमा बढेको र अर्थतन्त्रमा अस्थिरता आएको जनाइएको छ ।

युरोपमा ग्यास र तेलको मूल्य तीव्र रूपमा बढेको छ । द्वन्द्व सुरु हुनुअघि भन्दा ग्यासको मूल्य दोब्बरभन्दा बढी भइसकेको छ । कच्चा तेलको मूल्य पनि उल्लेखनीय रूपमा बढेको छ ।

यदि सन् २०२६ भरि ऊर्जा मूल्य उच्च रह्यो भने वस्तु व्यापार वृद्धि शून्य दशमलव ५ प्रतिशतले घटेर १ दशमलव ४ प्रतिशतमा सीमित हुन सक्छ । सेवा व्यापार पनि ४ दशमलव १ प्रतिशतमात्र बढ्ने अनुमान गरिएको छ । यसले विश्व अर्थतन्त्रको वृद्धि पनि ० दशमलव ३ प्रतिशतले घटाउन सक्छ ।

विश्व व्यापार सङ्गठनकी महानिर्देशकले उच्च प्रविधि वस्तु र डिजिटल सेवाले व्यापारलाई केही हदसम्म मजबुत बनाएको बताउनुभयो । तर, ऊर्जा मूल्यको निरन्तर वृद्धि र द्वन्द्वले उपभोक्ता तथा व्यवसायमा लागत दबाब बढाउने चेतावनी दिनुभएको छ ।

विशेषज्ञका अनुसार सन् २०२५ को उच्च व्यापार वृद्धि मुख्यत: उत्तर अमेरिकामा सम्भावित उच्च शुल्कको आशङ्कामा आयात बढाइनु र कृत्रिम बुद्धिमत्तासम्बन्धी वस्तुहरूको माग बढ्नुका कारण भएको थियो । तर, यी कारकहरू सन् २०२६ मा निरन्तर रहने सम्भावना कम रहेको बताइएको छ ।

एशियाले सन् २०२६ मा व्यापार वृद्धि नेतृत्व गर्ने अपेक्षा गरिएको छ, जहाँ आयात र निर्यात दुवै बढ्ने अनुमान गरिएको छ । दक्षिण अमेरिकामा पनि निर्यात वृद्धि बलियो रहनेछ । तर उत्तर अमेरिका र युरोपमा वृद्धि कमजोर रहने प्रक्षेपण गरिएको छ ।

प्रतिवेदनले मध्यपूर्व द्वन्द्वका कारण ढुवानी र सेवा क्षेत्रमा निरन्तर अवरोध रहेको उल्लेख गर्दै दीर्घकालीन सङ्कटले यातायात लागत बढाउने र व्यापार मार्ग परिवर्तन गर्न सक्ने चेतावनी दिएको छ ।

# तटस्थतामा अडिग श्रीलङ्का, अमेरिकी प्रस्ताव अस्वीकार

कोलम्बो, २० मार्च (एएफपी) । हिन्द महासागर क्षेत्रमा बढ्दो तनावबिच श्रीलङ्काले आफ्नो तटस्थ नीतिलाई कडाइका साथ पालन गर्दै अमेरिकी लडाकू विमानलाई देशभित्र राख्ने प्रस्ताव अस्वीकार गरेको छ । राष्ट्रपति अनुरा कुमारा दिसानायकेले शुक्रबार संसद्मा जानकारी दिँदै कुनै पनि पक्षलाई सहयोग पुग्ने खालका सैन्य गतिविधिका लागि आफ्नो भूमि प्रयोग हुन नदिने स्पष्ट पार्नुभयो ।

उहाँका अनुसार अमेरिकाले फेब्रुअरी २६ मा गरेको अनुरोधअनुसार दुई लडाकू विमानलाई मार्च ४ देखि ८ सम्म जिबूटीस्थित आधारबाट मट्टाला अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराई आठवटा जहाजविरोधी क्षेप्यास्त्र राख्ने योजना बनाएको थियो । तर, श्रीलङ्काले आफ्नो तटस्थता कायम राख्न उक्त प्रस्ताव अस्वीकार गरेको उहाँले बताउनुभयो ।

उही दिन इरानले पनि भारतबाट नौसैनिक अभ्यास सकेर फर्किरहेका आफ्ना तीन युद्धपोतलाई कोलम्बोमा पोर्ट कल गर्न अनुमति मागेको थियो । राष्ट्रपति दिसानायकेले भन्नुभयो, “यदि हामीले इरानलाई अनुमति दिएको भए अमेरिकालाई पनि दिनुपर्ने अवस्था आउँथ्यो, त्यसैले दुवै पक्षप्रति समान दूरी कायम राख्दै निर्णय लिइयो ।”

मार्चको सुरुमा अमेरिकी सेनाले श्रीलङ्काको दक्षिणी तट नजिकै इरानी फ्रिगेट ‘आइरिस डेना’ लाई टोरपीडो मिसाइल प्रहार गर्दा कम्तीमा ८४ जना नाविकको ज्यान गएको थियो । श्रीलङ्काली नौसेनाले उक्त घटनापछि ३२ जनाको उद्धार गरेको जनाइएको छ ।

यसैबिच, अर्को इरानी जहाज ‘आईआरआईएस बुसेहर’ लाई भने मानवीय आधारमा श्रीलङ्काली जलक्षेत्रमा प्रवेश गर्न अनुमति दिइएको थियो । दुई सय १९ सदस्यीय चालक दलको सुरक्षालाई ध्यानमा राख्दै उनीहरूलाई कोलम्बोमा शरण दिइएको बताइएको छ ।

श्रीलङ्काले एकातर्फ आफ्नो प्रमुख निर्यात बजार अमेरिकासँग घनिष्ठ सम्बन्ध कायम राख्दै आएको छ भने अर्कोतर्फ आफ्नो चियाको प्रमुख क्रेता इरानसँग पनि सम्बन्ध सन्तुलित राख्दै आएको छ । यस्तो अवस्थामा बढ्दो क्षेत्रीय तनावबिच तटस्थता जोगाउने नीति नै कोलम्बोको प्राथमिकता बनेको देखिन्छ ।


## हार्दिक समवेदना



जन्म १९८५/०९/०३

निधन २०८२/१२/०१

यस युवा बचत समूहका सदस्य बुद्धराम कोजुका पिता **गोपाल जी कोजु**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा)को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**युवा बचत समूह**

सानो ब्यासी, भक्तपुर


***हिमपात....***

समय भएकाले विद्यार्थीको सुरक्षामा विशेष ध्यान दिन अभिभावक तथा सम्बन्धित निकायलाई पनि आग्रह गरिएको छ ।

**मकवानपुरमा सबैभन्दा बढी वर्षा**

जल तथा मौसम विज्ञान विभागले हाल सातै प्रदेशका विभिन्न जिल्लामा हुरीबतास, असिनासहितको वर्षा भइरहेको जनाएको छ । विभागका अनुसार हाल नेपालमा पश्चिमी न्यूनचापीय प्रणाली र स्थानीय वायुको प्रभावका कारण हुरीसहितको वर्षा भइरहेको हो ।

विभागका अनुसार हुरीबतासहितको वर्षाले यातायात, सञ्चार तथा विद्युत् सेवा प्रभावित भएका छन् । विभागले अत्यावश्यकबाहेकका आवागमन नगर्न र उच्च सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेको छ ।

मधेस प्रदेशलगायत कोसी, बागमती, लुम्बिनी प्रदेशका तराई र पहाडी भूभागमा हुरीबतास चल्ने सम्भावना रहेको विभागले जनाएको छ । कमजोर अवस्थामा रहेका रुख ढल्ने, कमजोर संरचना र छाना उड्ने, विद्युत् तथा सञ्चार सेवा साथै हवाई तथा सडक यातायात पनि प्रभावित हुने जोखिम रहन सक्ने हुँदा त्यसको असरबाट बच्न आवश्यक उपाय तथा सतर्कता अपनाउनुहुन विभागको अनुरोध हो ।

***ट्रम्प...***

प्रतिबन्धित इरानी तेलको मुख्य खरिदकर्ता मानिने भएकाले यसले तेहरानको अर्थतन्त्रलाई सहारा दिने भूमिका खेलिरहेको छ ।

यता, ताइवानलाई अमेरिकी हतियार आपूर्ति जारी रहुन्जेल चीनले इरानसँगको रक्षा सहकार्य सीमित गर्ने कुनै प्रेरणा नपाउने विश्लेषकहरूले बताएका छन् । यसले व्यापक शक्ति प्रतिस्पर्धा अझ जटिल बनाएको छ ।

पेइचिङका सर्वसाधारणबिच पनि ट्रम्पको सम्भावित भ्रमणप्रति मिश्रित प्रतिक्रिया देखिएको छ । एक स्थानीय आइटी कर्मचारीले ट्रम्पलाई ‘अस्थिर निर्णय गर्ने नेता’ का रूपमा चित्रण गर्दै सम्झौतापछि पनि धारणा परिवर्तन हुनसक्ने बताएका छन् । अर्का एक वित्त क्षेत्रका कर्मचारीले भने अमेरिकी पक्षबाट अझै सकारात्मक सम्बन्धको सङ्केत आएको रूपमा यस भ्रमणलाई हेरेका छन् ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा